# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक


## कमला राईको शोकसभा सम्पन्न

● बद्रीहरि नेपाल (टोखा सम्वाददाता)



काठमाडौं । मंसिर २९ गते टोखा नगरपालिका-०७ धापासीमा एक शोकसभा सम्पन्न भएको छ । क्रान्तिकारी महिला संघ टोखा नगर कमिटीकी उपाध्यक्ष क.कमला राई कार्कीको २० बर्षिया किशोरी कुशुम राईले मंसिर १७ गते बिहान धापासीस्थित आफ्नै निवासमा निधन भएको १३औं दिनको पुन्यतिथिमा उक्त समारोह आयोजना गरिएको हो ।

क्रान्तिकारी महिला संघ टोखा नगर अध्यक्ष क.शुमित्रा न्यौपानेको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा नेकपा (क्रान्तिकारी ...बाँकी ४ पेजमा

वर्ष ३ अङ्क २५ पूर्णाङ्क १२३ | २०७५ पुस २ गते सोमबार | Monday, Dec. 17, 2018 | पृष्ठ ८ | मूल्य रु. १०।-

## देजमो केन्द्रीय समितिको निर्णय

# चरणबद्ध संघर्ष गर्दै आम हड्तालसम्म

● वर्गदृष्टि संवाददाता

काठमाडौं । मंसिर २९ गतेदेखि पौष १ गतेसम्म दुई दिन काठमाडौंको बुद्धनगरमा चलेको देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालको केन्द्रीय समितिको बैठक सम्पन्न भएको छ । स्रोतका अनुसार बैठकले आगामी ६ महिनका लागि संघर्षका कार्यक्रमहरू तय गरेको छ । संघर्षका कार्यक्रमहरूमा आम हड्तालसम्मका संघर्षका कार्यक्रम समेत समावेश गरेर निरन्तर चल्दै आएको संघर्षको परम्परालाई तोडेको छ ।

वर्तमान राज्य सत्ताको विकल्पमा नयाँ जनवादी राज्यसत्ता स्थापना गर्ने आफ्नो लक्ष्य रहेको बताउने देजमोले वर्तमान सरकारले गरेका राष्ट्रघाती तथा जनघाती कामहरूका विरूद्धमा देशव्यापीरूपमा चरणबद्ध संघर्षका कार्यक्रमहरू अघि बढाउने निर्णय गरेको छ । यस कार्यक्रमको घोषणाले देशमा विभिन्न समूहमा छरिएर रहेका आम क्रान्तिकारी पंक्तिमा नयाँ उत्साहको सञ्चार भएको बताइएको छ । काठमाडौंमा सरकार सञ्चालन गर्न नसकेर समीक्षा बैठक बसिरहेका सत्ताधारी दलहरूले बिघटनको संघारमा पुरयाएका संसदीय सत्ताका विकल्पमा नयाँ जनवादी राज्यसत्ता स्थापना गर्ने ध्येयले चरणबद्ध संघर्षका कार्यक्रमहरू अगाडि बढाएपछि उनीहरूमा छटपटाहट आएको बताइएको छ । देजमोका ऐतिहासिक निर्णयहरूका कारण तरंगित बन्न पुगेका वर्तमान सत्ताधारीहरूका पार्टीहरूमा यसले ठूलो धक्का दिने र ती पार्टीहरूलाई पनि बिग्रहका स्थितिमा पुरयाइदिने स्रोतको दाबी छ ।



यसका लागि मोर्चाले देशव्यापी अन्तरक्रिया, छलफल बहस, जनसभाहरू तथा आवश्यक संघर्षका कामहरूलाई अघि बढाउने छ । यसका लागि मोर्चाले मेची महाकाली अभियान सञ्चालन गर्ने छ । मोर्चाका केन्द्रीय सचिव परि थापा भन्छन्- 'हाम्रो संगठनको पहलकदमीमा देशव्यापी रूपमा संगठन निर्माण गर्ने, जनपरिचालन गर्ने, राष्ट्रिय जनतन्त्र जनजीविकाका कुराहरूलाई लिएर आन्दोलन अगाडि बढाउने छौं । त्यसका लागि हामीले केन्द्रीय समितिको बैठक सकिएपछि ६ महिने आन्दोलनात्मक संघर्षको कार्यक्रमको घोषणा गर्नेछौं । एकातिर संगठनको अवस्थालाई सुदृढ बनाउने काम हुनेछ ।'

थापाका अनुसार संघर्षका क्रममा मोर्चाले 'संगठनको जिल्ला सम्मेलन, प्रदेश सम्मेलन र राष्ट्रिय सम्मेलन हामीले गर्नेछ । त्यस दौरानमा देशभक्त जनगणतान्त्रिक मोर्चाको पहिलो राष्ट्रिय सम्मेलन सम्पन्न गर्ने छ । चैत्र २४ गते आफैमा राष्ट्रिय आन्दोलनको इतिहासमा अंकित भएको दिनमा देजमोको पहिलो राष्ट्रिय सम्मेलन उद्घाटन गरिने छ ।' यसका साथै राष्ट्रियता, जनतन्त्र, जनजीवीकाका विषयहरूलाई लिएर मेची-महाकाली अभियान सञ्चालन गरिने भएको बताइएको छ । थापा भन्छन्- 'त्यसमा पूर्वमा मेचीदेखि पश्चिममा महाकालीसम्म हाम्रा कार्यक्रमहरू अगाडि बढ्ने छन् । त्यसको मूलतः कार्यक्रमहरूका रूपमा जनसभा गर्ने, जनप्रदर्शन गर्ने सीमा अतिक्रमण र मिचिएका ठाउँहरूमा अवलोकन गर्ने आदि रहेको छ । जनतालाई शिक्षित बनाउने, जागरूप बनाउने र आन्दोलनको स्थितिलाई अगाडि बढाउने निर्णय हुनेछ । त्यस दौडानमा हामीले स्थानीयहरूमा अन्तरक्रिया, पत्रकार भेटघाट पनि गर्नेछौं । त्यसका लागि हामीले उद्घाटनका कार्यक्रमहरू चार ठाउँबाट सुरु गर्नेछौं । पूर्वमा मेचीबाट, पश्चिममा महाकालीबाट र बीचमा चाँहि पोखरा र काठमाडौंबाट कार्यक्रम सुरु गर्नेछौं ।'

केन्द्रीय सचिव थापा थप्छन्- 'कार्यक्रम मेची-महाकाली १५ दिनसम्म चल्नेछ। यसको उद्घाटन फागुन ७ गतेदेखि २१ गतेसम्म हुने छ । साथै, यसको समापन चितवनको नारायणगढमा गरिने ...बाँकी ४ पेजमा

### नेकपामा भागबण्डाको खिचडी

## 'सरकारले पार्टी चलाएको आरोप'

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को बैठकमा नेता वामदेव गौतमको फरक मतको राजनीतिक प्रतिवेदन आएपछि उक्त पार्टीमा केही वैचारिक बहस चल्ने देखिएको छ । कांग्रेसी महासमितिको बैठकमा गुट तथा लबिङको कुराहरू निकै उठिरहँदा नेकपामा पनि फरक मत देखिएपछि नेपाली राजनीतिको निम्नपुँजीवादी धरातलीय यथार्थता संसदीय पार्टीहरूमा सतहमा देखा परेको छ । यसलाई अध्यक्षद्वय केपी शर्मा ओली र पुष्पकमल दाहालले पार्टी एकता भए पनि अझै मन अझै मल्ने नसकेको भनी अर्थ्याउन थालेका छन् ।

केन्द्रीय कार्यालय धुम्बाराहीमा शनिबारदेखि सुरु भएको बैठकमा अध्यक्षद्वय ओली र दाहालका साथै अन्य नेताहरूले पनि उक्त भिन्नतालाई स्वीकार गरेका छन् । यो स्वीकारोक्ति वचनमा मात्र नभई उनीहरूले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमा पनि उल्लेख गरिएको छ । संधीय निर्वाचनका बखत निर्माण गरिएको वाम गठबन्धनको प्रसंगलाई कोट्याउँदै प्रतिवेदनमा 'निर्वाचनमा सहकार्य र पार्टी एकताको ऐतिहासिक घोषणासँगै पार्टीमा आम रूपमा वैचारिक स्पष्टता र भावनात्मक निकटता कायम भएको' तर पनि हालसम्म आउँदा सरकार निर्माणदेखि पार्टी एकताका लागि गरिएका सबै प्रयत्नहरूका बाबजुद 'भिन्नभिन्न पृष्टभूमि, अलग-अलग स्कुलिङ र ...बाँकी ४ पेजमा

## कांग्रेस महासमितिमा गुट व्यवस्थापन

काठमाडौं । वर्तमान संसदको प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसको महासमितिको बैठक शनिबारदेखि सुरु भएको छ । महासमितिका लागि तयार पारिएका विधान मस्यौदा, राजनीतिक प्रतिवेदन, आर्थिक प्रतिवेदन र साङ्गठानिक प्रतिवेदन महासमितिमा पेश भएका छन् । ती सबै यस अघि केन्द्रीय समितिमा प्रस्तुत भएर छलफल भई आएका थिए ।

आश्चर्यको कुरा त के छ भने प्रस्तुत गरिएका चारवटा प्रतिवेदनमध्ये आर्थिक प्रतिवेदन मात्र केन्द्रीय समितिबाट पारित भएको हो । बाँकी प्रतिवेदनहरू महासमितिको थाप्लोमा छाडिएका थिए । बैठकमा सर्वसम्मत हुन नसकेपछि यी कामहरूमा महासमितिले टुंग्याउने भनी सहमति भएको थियो । महासमिति चलिरहेका बखतमा पनि कांग्रेसी नेताहरू भने यसमा सर्वसम्मत जुटाउन कसरत गरिरहेको स्रोतले बताएको छ ।

यी आन्तरिक कुराहरू बाहेक कांग्रेस महासमितिमा चर्को बनेर आएको विषय छ-स्थानीय, प्रदेश र प्रतिनिधिसभाको चुनावमा कम्युनिस्ट गठबन्धनले हासिल गरेको दुईतिहाइ बहुमतको सवाल । हालको नेकपाले तात्कालिन एमाले र माओवादी केन्द्रका बीचमा गठबन्धन निर्माण गरी बहुमत ल्याइएपछि यो कांग्रेसीजनहरूका लागि टाउको दुखाइको विषय बन्दै आएको छ । त्यसपछि अचानक खुम्चिन बाध्य भएको नेपाली कांग्रेस निकै कमजोर र भूमिकाविहीन बन्दै आएको छ । ...बाँकी ४ पेजमा

## संयुक्त विद्यार्थी संगठनद्वारा प्रिन्सिपलको पुत्ला दहन


● धनन्जय अवस्थी

कञ्चनपुर / सुदूरपश्चिमाञ्चल विश्वविद्यालयमा संयुक्त विद्यार्थी संगठनद्वारा विश्वविद्यालयका प्रिन्सिपल भूपेन्द्र विष्टको पुत्ला दहन गरिएको छ । कञ्चनपुरमा रहेको सुदूरपश्चिमाञ्चल विश्वविद्यालयको केन्द्रीय क्याम्पसमा संयुक्त विद्यार्थी संगठन नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल क्रान्तिकारी, नेकपा निकट अखिल (क्रान्तिकारी) र पूर्वमाओवादी केन्द्र निकट अखिल क्रान्तिकारी पूर्वएमाले निकट अनेरास्ववियुद्वारा प्रिन्सिपलको पुत्ला बनाएर जलाएका छन् ।

विश्वविद्यालयले आफ्ना आफन्तहरूलाई जागिर खुवाउने भर्ती केन्द्र बनाएको भन्दै आक्रोशमा आएका विद्यार्थी संगठनहरूले पुत्ला जलाउनुका साथै प्रिन्सिपलको कार्यकक्षमा तोडफोड र कुर्सीसमेत जलाएका छन् ।

खासगरी प्रिन्सिपलको मनोमानीका कारण कर्मचारी भर्ना र करार शिक्षकहरूको नियुक्तिको विषयलाई लिएर विद्यार्थी संगठनहरूले आन्दोलन र पुत्ला जलाएको अखिल क्रान्तिकारीका सुदूरपश्चिमाञ्चल विश्व विद्यालयका संयोजक टिकेन्द्र साउदले बताउनुभयो । विश्वविद्यालय सुदुरपश्चिमका जनताले ठूलो लडाई र आन्दोलन प्राप्त भएको हुँदा विश्व विद्यालय केहि व्यक्तिहरूले चलाउन खोजेको ...बाँकी ७ पेजमा

## प्रधान न्यायाधीशमा चोलेन्द्र शमशेर सिफारिश



काठमाडौं । संवैधानिक परिषद्को विहीवार सिंहदरबारमा बसेको बैठकले सर्वोच्च अदालतका न्यायाधीश चोलेन्द्र शमशेर राणालाई प्रधानन्यायाधीशका लागि सिफारिश गरेको छ । न्यायपरिषद्मा प्रधान न्यायाधीश सिफारिशका लागि राणा र दीपकराज जोशीको नाम पठाएको थियो । सिफरिश दुईमध्ये परिषद् बैठकले राणालाई प्रधानन्यायाधीशका लागि छनौट गरी सिफारिशका गरिएकको हो ।

न्यायपरिषद्ले सिफारिश गरेपछि अब राणाले संसदीय सुनुवाईको औपचारिक प्रक्रिया पूरा गर्नुपर्ने छ । वर्तमान प्रधानन्यायाधीश ओमप्रकाश मिश्रले यही पौष १७ गतेपछि अवकाश पाउँदै छन् । संदीय सुनुवाइ समितिले राणाको नाम अनुमोदन गरेपछि उनी त्यही पुस १७ पछि प्रधानन्यायाधीश बन्नेछन् ।

इतिहासलाई ...बाँकी ७ पेजमा

## सोलोडोलो एकता होइन, क्रान्तिकारी ध्रुवीकरण आजको आवश्यकता

देश र जनताको मुक्तिको आन्दोलन नै कम्युनिस्ट आन्दोलन हो । तर यो आन्दोलन अहिले रक्षात्मक अवस्थामा छ । कम्युनिस्ट आन्दोलन रक्षात्मक अवस्थामा हुनुको कारण आज संसारभरका मेहनतकश, श्रमजीवी जनता तथा गरीब र कमजोर राष्ट्रहरू शोषित, उत्पीडित र अपहेलित छन् । कम्युनिस्ट आन्दोलन कमजोर हुनुका विविध कारणहरू छन् । ती विविध कारणहरूमध्ये एउटा कारण हो- कम्युनिस्ट पार्टी र आन्दोलनमा हुने फुट र विभाजन । फुट र विभाजनका पनि विविध कारण हुन्छन् । दृष्टिकोणमा आउने बिकृतिले दैनिक जीवन, व्यवहार र विचारमा बिकृति ल्याइदिन्छ । दैनिक जीवन, व्यवहार र विचारमा आएको विकृतिले आन्दोलनमा बिचलनको संकेत देखाउछ । विचलनको त्यही संकेत क्रान्तिकारी आन्दोलनको निम्ति फुट र विभाजनको एउटा कारण बन्छ । श्रमजीवी वर्गमाथिको आफ्नो हैकम जारी राख्नका निम्ति दुनियाँभरका प्रतिक्रियावादीहरू कम्युनिस्ट आन्दोलनको अन्त्य चाहन्छन् । विभिन्न हथकण्डाहरू प्रयोग गरेर कम्युनिस्ट आन्दोलनलाई समाप्त गर्नका निम्ति प्रतिक्रियावादीहरू निरन्तर खटिरहेका हुन्छन् ।

*इतिहासको वस्तुवादी मुल्यांकन अत्यन्तै महत्वपूर्ण कुरा हो। इतिहासको सहि मुल्यांकन गरियो भने बल्ल हामी वर्तमान मा ठीक ठाउँमा उभिन सक्छौं र भविष्यमा ठीक ठाउँमा पुग्न सक्छौं। ०७ लाई लामाजीले क्रान्ति भन्नुहुन्थ्यो अरुले सामान्य राजनैतिक घटना। चौम फुटका बिबिध कारण सँगै इतिहासको मुल्यांकन पनि एउटा कारण थियो। यसले स्वत पुस्टि गर्दछ इतिहासको मूल्यांकन कति महत्वपूर्ण छ। जनयुद्धलाई महान जनयुद्ध भन्ने र सहिदको खेति भन्ने बीच सोलोडोलो पार्टी एकतामा कहानिर सम्भौता गरिएला ?*



● खगेन्द्र छन्त्याल ●

दमन, जेल, नेल र आमहत्या गरेर कम्युनिस्ट आन्दोलनलाई समाप्त गर्नु प्रतिक्रियावादीहरूको धर्म हो । कम्युनिस्ट आन्दोलनमा लागेका कतिपय कायर व्यक्ति समुहले प्रतिक्रियावादी दमनको बेला केवल जीवन रक्षाकै निम्ति गडबडी गर्छन् । पिठ्युँ फर्काएर भाग्छन् । त्यही अस्वभाविक गडबडी र भगौडा प्रवृत्ति नै पार्टी फुट र विभाजनको अर्को कारण बन्छ । पार्टी र आन्दोलनमा हुने प्रतिक्रियावादी घुसपैठ, जसले आन्दोलनका नेता कार्यकर्तालाई खसी, बोका भैँ किनबेच गरिदिन्छ । ती बिकेका बस्तुहरूले पार्टीमा गडबडी गर्छन् । त्यो ...बाँकी ७ पेजमा

## सम्पादकीय

# वैदेशिक रोजगार कि मानव तस्करी !

देशमा समृद्धिको नारा दिँदै आएको नेकपाको सरकार वैदेशिक रोजगारीका नाममा देशका युवाहरूलाई विदेश पलायन गराइरहेको छ । यो उसैले अघि सारेको देशको समृद्धिको नारा विरुद्धको कुरा हो । चुनावताका 'समृद्ध नेपाल, सुखी नेपाली'को निकै लोकप्रिय नारा लिएर जनताको भोट बटुल्न सफल भएको नेकपा सरकार गठनपछि युवाहरू बेचबिखनमा लागेको छ । अहिलेको सरकारको सबैभन्दा सफलतम् कार्य भनेको श्रम मन्त्रालय अन्तर्गत श्रम मन्त्रीले युवाहरू विदेश पठाउन गरेका श्रलम सम्झौताहरूलाई लिइएको छ । यसको यतिसम्म पनि बढाइचढाइ भयो कि यसको आडमा नेपालमा 'नयाँ युगको सुरुआत' भएको भनी बहुप्रचार गरियो ।

यसको प्रचारका लागि पोलहरूमा प्रधानमन्त्री केपी ओलीका फोटोहरू टाँगिए । दैनिक पत्रपत्रिकाहरूमा 'ज्याकेट विज्ञापन' छापिए । बाहिर पृष्ठमा प्रधानमन्त्री केपी ओलीको र त्यसको भित्री पृष्ठमा श्रम मन्त्री गोकर्ण विष्टको ठूलाठूला फोटाहरू राखिए, त्यो पनि लगातार दुईतीन दिनसम्म । एक्काइसौं शताब्दीमा यो निकै आश्चर्यजनक नाटक थियो । युवाहरू विदेश पलायन हुनका लागि हजारौंको संख्यामा श्रम विभागमा लाम लागिरहेका थिए । देशका मन्त्रीहरूले युवाहरू बेच्ने सम्झौतामा सही गरिरहेका थिए । तर सरकार भने नयाँ युगको नारा भट्याउँदै राजामहाराजाहरूको भन्दा पनि ठूल्ठूला फोटाहरू सार्वजनिक स्थलहरूमा टाँसिरहेको थियो । बिना श्रीपेचका प्रधमामन्त्रीलाई त्यहाँ प्रष्ट देख्न सकिन्थ्यो ।

एउटा आश्चर्यको कुरा त के पनि छ भने म्यान पावर कम्पनीहरूलाई मानव तस्करका रूपमा चित्रित गर्दै सरकारी मानिसहरू आफू र आफ्नो सरकार मुक्ति दाता भएको हल्ला गरिरहेका छन् । उनीहरूले युवाहरू विदेशमा मालवस्तु सरह पैठारी गरिनु नै मानव तस्करी हो भन्ने थाहसम्म नपाएको स्वाङ गरिरहेका छन् । विभिन्न संझौता मार्फत् सरकार आफै मानव तस्करीमा जुटेको छ । फरक यत्ति हो, पहिले प्राइभेट संस्थाहरू त्यसमा संलग्न थिए, अहिले सरकार स्वयम् संलगन रहने व्यवस्था गरेको छ ।

तर नेपाली जनताले चाहेको स्वदेशमै रोजगारीको व्यवस्था गरियोस् भन्ने नै हो । जनताका बीचमा भोट माग्दा हालको नेकपा भनिने पार्टी र यसका नेता, कार्यकर्ता, समर्थक र शुभचिन्तकहरूलेसम्म देशमा रोजगरका कुरा उठाएका थिए । जनताले पूरै त होइन, तर केही न केही सुधारका कामहरू त यो सरकारले गर्ने छ भन्ने विशवास पालेका पनि थिए । तर अहिले दुईतिहाइको ओली सरकारले देशमा रोजगारीको सपना देखेका युवाहरूलाई वैधानिक रूपमा विदेशमा बेचिरहेको छ । यसो गर्दा यसले रत्तिभर संकोच र लज्जाबोध गरेको छैन । बरु अनेकौं नाटक गरेर त्यसैलाई निर्लज्जतापूर्वक नयाँ युग र नयाँ गन्तव्यका रूपमा प्रचारप्रसार गरिरहेको छ ।

नेपालीहरू ३०० वर्ष पहिले देखि बेचिदै आएका छन् । मानव तस्करीलाई सरकारी मान्यताको लेपन लगाएर कहिले 'लडाकू प्रजाति', कहिले 'बहादुर' त कहिले 'लाहुरे' का रूपमा मानयता दिइराखिएको छ । पहिलो तथा दोस्रो विश्व युद्धमा मारिएका, हराएका, बेपत्ता पारिएका, अलपत्र छाडिएका र बलिदान गरेका कसैको पनि सामान्य तथ्यांकसम्म सरकारसँग छैन । यसको खोजीमा सरकारको न त चासो छ, न त यसले आफ्ना नागरिकका लागि कुनै अभिभावकीय भूमिका निर्वाह गरेको छ । बरु यसले सरकारलाई आउने राजस्वमा लूट मच्चाएर बस्न मात्र रुची प्रकट गरेको छ । यो कुरा अहिले बिगेसो नामक गोर्खाहरूको खोजी र अधिकार प्राप्तीका लागि लडिरहेको संस्थाले उठाउँदै आएको छ ।

अहिले पनि विदेशिएका लाखौं युवाहरूमा सैयौं मरिरहेका छन् । हजारौं काम नपाएर फर्किएका छन् । लाखौंको संख्यामा त रोगी, घाइते, अपांग तथा विरामी बनेर स्वदेश फर्किएका छन् । यिनीहरूको स्वास्थ्यको समस्या, पालनपोषण र तिनीहरूमा आश्रित परिवारको जिम्मा कसले लिने ? के नेपाललाई अशक्त नेपालीहरूको डम्पिङ साइट बनाउन यो सरकार उद्दत रहेको हो ? यसका बारेमा समयमै सोचियोस् र देशमा रोजगारीको सिर्जना गर्नुका साथै सरकारी तहबाटै मानव तस्करीको प्रक्रियालाई रोकियोस् ।

## लेखकहरूमा अनुरोध

१. यस वर्गदृष्टि साप्ताहिक तथा मूलबाटो डटकमका लागि लेख/रचना पठाउँदा एक हजार शब्दमा नबढाइकन आफ्नो लेख/रचना पठाइदिनु हुन,
२. कम्प्युटर टाइप गरी पठाउँदा शुक्रबारसम्म र हस्तलिखित पठाउँदा बुधबारसम्म पत्रिकाको कार्यालयमा वा इमेलमा पठाइदिनु हुन,
३. सकेसम्म छोटा र सरल वाक्य प्रयोग गरिदिनु हुन हार्दिक अनुरोध छ।

**सम्पादन विभाग, वर्गदृष्टि मिडिया**

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# बिगेसो आन्दोलन र सरकारी दास मानसिकता


पदमसुन्दर लिम्बु

हामीले गोर्खा आन्दोलन वैधानिक रूपमा अघि बढाइरहेका छौं । यो मूलतः असमान व्यवहार, उत्पीडन तथा नेपाली सार्वभौमसत्तामाथिको आँचनँग जोडिएको छ । सर्वोच्च अदालतमा पुगेको हाम्रो यो मुद्दा न्याय, समानता र समान सार्वभौमिक मान्यतामा आधारित छ । अहिले सर्वोच्च अदालतले सरकारलाई अग्राधिकारसहितको कारण देखाऊ आदेश गरेको पनि छ । हामी त्यसको पर्खाइमा छौं ।

हामीले उठाएका असमान त्रिपक्षीय सन्धिसंझौताको खारेजी भनेको नेपालको सार्वभौमसत्तासँग जोडिएको छ । यसले राष्टियतामाथि आँच पुऱ्याइरहेको छ । यो मूलत राष्टियता, राष्टिय सार्वभौमत्ति र नेपालीहरूको आफ्नो योगददानको खोजी पनि हो । यसलाई हामीहरूले विविभन्न स्वरूपहरूमा जनताका माझमा लगिरहेका छौं । यो हाल साहित्यिक तथा सांस्कृतिक कार्यक्रमका रूपमा पनि अघि बढिरहेको छ । देश विदेशमा पनि यसका कार्यक्रमहरू पुगिरहेका छन्

यो आन्दोलनले निकै गम्भीर कुराहरू अनुसन्धान गरी तिनीहरूको जगैसम्म पुगेर उजागर गरेको छ । आखिर गार्खाहरूको माग र आन्दोलन नेपालको राष्ट्रियतासँग अभिन्न रूपमा जोडिएको छ । पहिलो विश्व युद्धभन्दा धेरै पहिलेदेखि देशीविदेशी शासकहरूले नेपाली युवाहरूलाई किनबेचका वस्तुका रूपमा प्रयोग गर्दै आए । यी दुवैले आआफ्ना शासन जगेर्नाका लागि नेपाली युवाहरूलाई आफू अनुकूलका लडाइँभिडाइँमा निकै प्रयोग गरे ।

तर परिणाम के भयो भने रगत बगाएर अर्काको सेवा गर्ने नेपाल र नेपाली निकै गरीब हुँदै गए । नेपाली युवाहरूको प्रयोग गर्ने देशहरू समृद्ध र विकसित हुँदै गए । हाम्रो आँखा अगाडी आज पनि उदाहरण छन्- बेलायत, सिंगापुर र भारत । यसबाट नेपालले लिएको युवा पलायन गर्ने नीति आफैमा आत्मघाती छ र गलत छ । यसको आधिकारिक जग भनेको असमान त्रिपक्षीय सन्धिसम्झौता नै रहेको छ, जसको खारजीविना नेपाल स्वाधीन र सार्वभौम बन्नै सक्दैन ।

आज हामीहरूले बिगेसोको तर्फबाट युवाहरूलाई विदेशमा फौजका रूपमा वा कामदारका रूपमा पठाउँदा बदलिएको परिस्थितिअनुसार नयाँ सन्धिहरू गरेर मात्र पठाउनु पर्छ । सरकार आफै एजेण्टका रूपमा अघि सरेर नेपाली युवाहरूको बेचबिखनको प्रक्रिया अघि ल्याएको देखिन्छ । यो प्रक्रिया आज कामदारका रूपमा नेपालीहरूलाई विदेश पठाउँदा मात्र होइन, गोर्खा भर्तिभन्दा पहिलेदेखि गरेको इतिहास छ । पहिलो र दोस्रो विश्व युद्धमा संसारभर पठाइएका नेपालीहरूको खोजबिन र फिर्ती नै गरिएन । न त विदेश पठाउन भूमिका निर्वाह गरेको नेपालको सरकारले गऱ्यो, न त आफूलाई आवश्यक दिर्दा लडाउनभिडाउन लगेका विदेशी सरकारहरूले नै त्यसो गरे । बरु उनीहरूलाई जहाँ लगिएको थियो, त्यही अलपत्र छाडियो । यो मानव तस्करीको परिभाषाभित्र पर्दछ ।

**सरकार र राज्यले दास मानसिकत त्याग्नु पर्छ । आफ्नो अधिकार र हितका लागि उठिबस्नु पर्छ । यो देशका शासकहरू अब सम्बन्धित पक्षहरू र जनताहरूको साथ नलिएर एक्लै अघि बढ्न सक्दैनन् ।**

यो गलत नीति अपनाइ राखियो भने नेपाल धराशशायी हुन्छ । यसका लागि नेपालमा रोजगारीको सिर्जना गर्नुपर्छ । यसको विकल्प हामीहरूसँग छ । हामीले यतिका युगसम्म केही पनि पाएनौ । बरु भएका धनजन गुमायौं । युवाशक्ति गुमायौं । ती सबैको अब एकएक लेखाजोखा गर्नुपर्छ । अर्को कुरा, पहिलो तथा दोस्रो विश्वयुद्धमा लाखौंको संख्यामा मारिएका, हराएका र अलपत्र छाडिएका नेपालीहरूको खोजी गरिनु पर्दछ । तात्कालिन नेपाल सरकारका कमी कमजोरीको समीक्षा गर्दै ती सबैको आँकडासहित लेखाजोखा गरिनु पर्छ ।

हराउनु, बपत्ता पारिनु, अलपत्र छाडिनु, बलिदान हुनु र लडाइँमा होमिनु सामान्य कुरा होइन । यसलाई अहिलेको कानूनले बन्धक, मानव तस्करी, मानव अधिकार, अग्राधिकार र पहिचान आदि जे मान्यताभित्र समेटिन्छ, त्यसमा समेटेर एउटा आयोग निर्माण गरिनु पर्छ । ती देशहरू जसले आफ्ना रक्षा र बचाउका लागि नेपलीहरूको रगत र परिश्रम लिए, तीबाट क्षतिपूर्ति लिनुपर्छ र नेपाललाई रोजगारीको सिर्जना गर्दै समृद्धिको दिशामा अघि बढाउनु पर्दछ । यो क्षतिपूर्तिले नेपाली युवाहरूका लागि पुग्ने रोजगारीको व्यवस्था यही नै हुन्छ ।

हामीले जे कुरा उठाइरहेका छौं , यो नेपाल र नेपालीहरूका लागि मात्र होइन, यो अन्तर्राष्ट्रिय चासोको विषय पनि हो । हामी आज एक्काइसौं शताब्दीमा छौं । तर आशचर्यको कुरा नेपालका शाकहरू नै आफै एजेण्ट बनेर नेपाली युवाहरू बेचिरहेका छन् । उनीहरू नेपाल र नेपालीहरूको मुक्तिको कुरा होइन कि अझ थप २०० वर्षसम्म नेपाल र नेपालीहरूलाई त्यही असमानताको छायाँमुनि हिँडाउन चाहिरहेको देखिन्छ । यसलाई खारेज गर्नुपर्छ । हालसम्म सिंगापुर र ब्रुनाइलाई हेरौं । त्यहाँ कुनै सन्धिसम्झौता नै छैन । तर पनि नेपालीहरू त्यहाँ पठाइएका छन् । यो काम बेलायत र भारतले गरिरहेका छन् । दोस्रा या तेस्रो देशले नेपाली युवाहरू यो बेचबिखन कसरी संभव छ ? त्यो पनि आजको एक्काइसौं शताब्दीमा ! यसको जिम्मा कसले लिने ? यहाँका शासकहरूलाई त थाह छ, तर ती मौन छन्, लाचार छन् र निरीह छन् । यसलाई खारेज गरेरै जानु पर्छ ।

बिगेसो यसका बारेमा प्रस्ट छ । हामीले अन्तर्राष्टिय रूपमा पनि कदम चालिसकेका छौं । संयुक्त राष्ट्र संघमा पनि निवेदन दिइसकेका छौं । भारत, सिंगापुर र अन्य सम्बन्धित देशहरूमा पनि संयुक्त राष्ट्र संघले पनि र हामीले पनि यो कुराको सोधखोज गर्ने छौं । स्वदेश होस् वा विदेश नेपाली जनताले यो कुरा बुझिसकेका छन् ।

सरकार र राज्यले दास मानसिकत त्याग्नु पर्छ । आफ्नो अधिकार र हितका लागि उठिबस्नु पर्छ । यो देशका शासकहरू अब सम्बन्धित पक्षहरू र जनताहरूको साथ नलिएर एक्लै अघि बढ्न सक्दैनन् । यदि सरकारले त्यो दास मानसिकता त्याग्न सकेन भने आउँदा २०० वर्षहरूमा पनि यो परम्परा रहिरहन सक्छ । यसका साथै अर्को कुरा के पनि हुन सक्छ भने देश अर्को खालको उथलपुथलको प्रक्रियाबाट अघि बढ्न पनि सक्दछ । नेपाली जनताले बझिसकेपछि सरकारको केही पनि लाग्ने देखिदैन । हालसम्मका परिवर्तनका लागि गरिएका युद्ध र आन्दोलनहरू उदाहरणका रूपमा हाम्रासामु छन् ।

सरकारले युवा विस्थापित गर्ने नीति त्याग्नु पर्छ । विदेशमा गएका नेपालीहरू उतै बसून् भने झैं गरेको छ नेपाल सरकारले । नागरिकताको निरन्तरताको कुरामा पनि मौन रहेको छ । हालसम्म पनि बर्मा, फिजी, इटाली लगायतका देशहरूमा नेपालीहरू अलपत्र त्यहीं रहिराखेका छन् । सरकारलाई यो बारेमा न त जानकरी छ, न त यसले सोधखोज गरेको नै छ । उनीहरूले आफ्नो मातृभूमि, भाषा, राष्टियता, आफन्त, पहिचान सबै गुमाए र विदेशी भूमिमा पीडाका साथ बसिरहे । योभन्दा ठूलो पीडा के हुन्छ ? मानअधिकारको हननका कुरा यो भन्दा ठूलो के हुन सक्छ ? नेपाल सरकार यसका बारेमा बोल्नुपर्छ । होइन भने यसले संघर्षको सामना गर्न तयार हुनु पर्छ । बिगेसोले सरकारलाई बोल्ने बनाउन जानेको छ ।

*(लेखक बिगेसोका सभापति हुन् ।)*

झर्रोटर्रो kailubraha73@gmail.com कैलुब्राह

# 'मौसुफ'हर्को बर्थ डे

उतिबेलाका पञ्चप्रेतहर्को साशन सत्तामा 'मौसुफ'हर्को बर्थ डे धुमधडकासित मनाइन्थ्यो । पिचास 'मौसुफ'हर्को मनाउँदा जयन्ती भन्थे, जिवित 'मौसुफ'हर्को मनाउँदा जन्मोत्सव भन्थे । नेपाल मण्डलका पचहत्तरै जिल्लाका अड्डाखाना भएका सहरमा जुलुस झाँकी सहित 'मौसुफ'हर्को जन्मदिन मनाउने चलन थ्यो । जुलुस झाँकीमा 'मौसुफ'को जयजयगान हुन्थ्यो । 'मौसुफ'हर्को नाउँमा रचिएका भजनहरूले आकास धर्ती गुञ्जायमान हुन्थे । भञ्ज्याङमा 'मौसुफ' भेटिन्थे । चौतारीमा 'मौसुफ' भेटिन्थे । पाटीपौवा जतातत्तै 'मौसुफै 'मौसुफ' भेटिएका भजन किर्तन रिरिबाजाले बजाउँथ्यो । देशका नामी नामी कवि गितकारहर्ले 'मौसुफ'को भजन लेखेर भट्याउँथे । त्यस्तालाई देशेकवी र देशेकलाकार भनेर 'मौसुफ'ले पुरस्कार दिन्थे । कमलादीमा रहेको कविकलारहर्को वृद्धाश्रममा तिनरुलाई भत्ता दिएर पाल्थे ।

अहिले पुरानो जुग फेरिएको छ र नयाँ जुग आएको छ । त्यो कुरा केही दिन अगाडि मात्रै 'एक नम्बरी 'मौसुफ'बाट घोषणा बक्स भएको हो । जुग फेरिएको घोषणा गरेका 'एक नम्बरी 'मौसुफ'को फुटा बिजुलीका पोलहरूमा, बाटाघाटा र पाटीपौवाका भित्ताहरूमा टाँसिए । 'मौसुफ'का भक्तजनहर्ले मण्डलैभरी जयजयगान गरे । फेसबुके भित्ताहरूमा 'मौसुफ'को तारिफ गर्दै स्तुतीगान गरे । नयाँ जुगको सुरुआत भएकोमा गीत, कविता फुराए । ती पनि नयाँ देशेकवी र देशेकलाकारमा दर्ज भए । यसैबीचमा उपल्लो टारमा विराजमान 'एक नम्बरी मौसुफ'को बर्थ डे पनि टारभित्र उनको सरकारी कुटीमै भव्यरूपमा सुसम्पन्न भयो । देशी विदेशी महामहिमहर्ले 'मौसुफ'को दर्शन भेट गर्दै शुभकामना सहित माला, खादा र फूलपाती अर्पण गरे । त्यसैगरी मान्ने मन्तरीसहित पाटीपौवाका अरौटे, भरौटे, धुपौरे, चम्चे, कारिन्दा र रैतीजनले पनि कसैले साक्षात दर्शन भेट गरेर कसैले फेसबुके हुलाकका भित्ताहरूमा 'मौसुफ'को जयगान गर्दै शुभकामना टक्राए ।

जुग फेरिएपछि 'मौसुफ'हरू फेरिने कुरा पनि स्वतः भैगयो । त्यसैले नयाँ जुग ल्याएका 'मौसुफ'हरू पनि फेरिएका छन् । पैलाका 'मौसुफ' हिटीमा बिराजमान हुन्थे, ऐलेका 'मौसुफ'हरू टारमा विराजमान हुन्छन् । 'मुमा बडामारानी' त केजाती निबासमा बिराजमान होइसिन्छ । 'एक नम्बरी 'मौसुफ' उत्तरतिरको टारमा विराजमान होइसिन्छ भने 'दुई नम्बरी 'मौसुफ' दख्खिनतिरको टारमा बिराजमान होइसिन्छ । यी दुइटा टारमा बिराजमान 'मौसुफ'हर्को भर्खरै मात्र बर्थ डे सकिएको छ । 'एक नम्बरी 'मौसुफ'को अलि पहिला परेको थ्यो भने 'दुई नम्बरी 'मौसुफ'को गएको हप्ता मात्रै बर्थ डे सक्केको छ ।

जुग फेरिएको हुनाले यो जन्मोत्सवको नाउँ पनि फेरिएको छ । अब त्यसको नाउँ बर्थ डे भएको छ । गएको हप्ता दख्खिनको टारमा 'दुई नम्बरी 'मौसुफ' सरकारको बर्थ डे धुमधडकासित मनाइयो । रैतीहरूले खादा, माला, र फूलपाती लिएर दर्शन भेट गर्न र बर्थ डेको शुभकामना दिन 'मौसुफ' सरकारको निवास दख्खिनटारमा पुगे । सरकारी ओहोदामा बिराजमानदेखि पाटीपौवामा बिराजमानसम्मका रैतीहरू लावा लस्कर लाएर गए । एकार्कामा उछिनापाछिन गर्दै जयजयगान गाउँदै गएर 'मौसुफ' सरकारको उच्च उच्च आयुको शुभकामना टक्राए । त्यहाँ 'मौसुफ'को गाथ सँगसँगै बसेर सेल्फी हाने । फुटा खिचाए र आफूलाई धनधान्य प्राप्त भएर कृतकत्य भएकोमा खुसियाली मनाए । फेसबुके भित्ताहरूमा 'मौसुफ' सरकारको भजन कृतन गाउनेहरूको प्रतिस्पर्धा नै चल्यो । 'मौसुफ'सँगै खिचाइएका फुटा, सेल्फी हानिएका फुटा राखेर फेसबुके भित्ता रङ्गाइए ।

यो सबै गतिविध नियाली रहेका 'दुई नम्बरी 'मौसुफ' पहिलो पटक यसरी बर्थ डे भव्यरूपमा मनाउन पाउँदा र भक्तहरूबाट खादा, माला, फूलपाती र अविरटीकाले सुशोभित हुन पाउँदा निकै पुलकित होइस्यो । प्रफुल्ल मुद्रामा मुस्कान छोडेर भक्तजनहर्लाई खुसी तुल्याइस्यो । भक्तहरू पनि 'मौसुफ'को साक्षात् दर्शन गर्न पाएर, अझ सेल्फी हान्न पाएर, प्रत्यक्षरूपमा आफ्नै मुखबाट शुभकामना टक्रयाउन पाएकोमा स्वर्गानुभूति गरे । हर्षविभोर हुँदै गदगद भए । मरेपछि पनि पूण्य प्राप्त गर्दै बिना रोकटोक स्वर्ग प्राप्त गर्न पाइने कुरामा आस्वस्त भए । 'मौसुफ'बाट पनि तथास्तु भन्दै आशिर्वचन बक्स भयो । 'मौसुफ'को साक्षात् दर्शन गर्न नपाएकाहर्ले फेसबुके भित्ताबाटै फूलमाला, अक्षतापाती र केकले दर्शन भेट गर्दै 'मौसुफ'को जन्मजन्मान्तरको भक्तिगान रचे, गाए र मन्त्रमुग्ध भए । साक्षात् दर्शन गरेरै 'मौसुफ'को गाथगादीको तारिफ गर्न नपाएकोमा अन्तरमनदेखि नै थकथकाउँदै 'भाग्य'मै नभएको भनेर चित्त बुझाए । साक्षात् भेट गरेकाहर्ले पनि 'मौसुफ'सँगको साक्षात् सेल्फी फुटा फेसबुके भित्तामा लोड गर्दै आफू 'भाग्यमानी' भएको महसुस गरे । गुणगान गाए । पुरानो जुग बदल्न 'मौसुफ'ले अवतार लिएर गरेका कार्यहरूको बखान गरे ।

अफैले हिंसाको बाटो खनेर, सेना तयार गरेर 'कुरुक्षेत्र'को नेतृत्व गर्दै, फेरि आफैले हतियार फाल्न लगाई सेना विघटन गर्दै पुरानो जुगका सेनामा विलिन गराएर विदेशी प्रभुहरूका सामू घुँडा टेक्दै लम्पसार परेर 'शान्ति' स्थापना गरेका यस्ता महान् महापुरुष यो भूवनकै सर्वोच्च महामहिम भएको घोषणा गरे । यसरी हजारौं शब्दले 'मौसुफ'को बर्णणातीत तारिफ गरे । यति महान् व्यक्ति हुँदा पनि 'मौसुफ'लाई नोबेल पुरस्कार न दिइएकोमा खेद प्रकट गरे । त्यसका लागि अब उप्रान्त अन्तर्राष्ट्रिय बहस चलाउनु पर्ने महसुस गरे । यसरी 'मौसुफ'को बर्थ डे सम्पन्न भयो ।

# देश राष्ट्रियता, जनतन्त्र, जनजीवीका र सामाजिक सुरुक्षा सबै हिसाबले जटिल अवस्था रहेकाले यसले अझै ठूलो परिवर्तनको माग गरेको छ



❑ **परि थापा**, सचिव- देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल

***अहिले देशको राजनीति कहाँ पुगेको जस्तो लाग्छ ?***

गत निर्वाचनपछि कम्युनिस्ट पार्टी अथवा वामपन्थीको नाममा दुईतिहाईको बहुमत लिएर सरकार बन्यो । यसले कथित 'समृद्ध नेपाल, सुखी नेपाली' भन्ने नारा दियो । यसले आफैमा उनीहरूको हालसम्मको काम हेर्दा उनीहरूको विगतको आश्वासन र गतिविधिको धज्जी उडेको छ। देश चाहिँ विगतमा जुन अवस्थामा रहेको थियो, त्यहिँ अवस्थामा रहेको छ । देशको राष्ट्रिय स्वाधिनता, सीमा अतिक्रमणको कुरा चर्को भएर गएको छ । अहिले त नेपालको नक्सा नै परिर्वतन भएको छ । लिपुलेक, लिम्पियाधुरा र कालापानीको मात्र तीन सय वर्ग किलोमिटर सीमा अतिक्रमण भएको छ । त्यो अतिक्रमित भूभाग बिनाको नक्सा भारतले बनाएर पठाएको छ । त्यो नक्सा नै सरकारले प्रयोग गरिरहेको छ । जनतन्त्रको हिसाबले हेर्दा देशमा हत्या, हिंसा, बलात्कारका घटनाहरू बढेका छन् । तर अपराधीलाई सरकारले कुनै पनि कारवाही गर्न सकेको छैन । जनजीवीकाको हिसाबले हेर्ने हो भने कुनै परिवर्तन भएको छैन । युवाहरू विदेशिनु पर्ने अवस्था कायम नै छ । देशमा जलस्रोतको सम्भावना प्रचुर हुँदाहुँदै नेपालीलाई चाहिने उर्जा पूर्तिको व्यवस्था यहिको जलस्रोतबाटै गर्न सकिने अवस्थामा भारतबाट नौ सय मेघावाट खरिद गरेर कथित लोडसेडिङ अन्त्यको भ्रम पैदा गरिएको छ । हरेक कुरामा मूल्य वृद्धि भएको छ । देशमा निजीकरण, दलालीकरण बढेको छ । समाजवादको नारा दिइएको छ । तर शिक्षा र स्वास्थ्यको चरम व्यापारीकरण भएको छ । त्यसमा सत्तामा भएकाहरूले नै यस्तो कार्य गरिरहेका छन् । जनयुद्ध, जनआन्दोलनमा लडेका शहीद, घाइते, अपाङ्गहरूको अवस्था झन दयनीय भएर गएको छ । कुनै पनि व्यवस्था गर्नेतिर यो राज्य लागेको छैन । त्यसैले अहिले देशको राष्ट्रियता, जनजीवीका, सामाजिक सुरुक्षा सबै हिसाबले जटिल अवस्था रहेको छ र यसले अझै ठूलो परिवर्तनको माग गरेको छ ।

***नयाँ विकल्पसहित देशले परिवर्तन चाहेको देखिन्छ । यसका लागि देशभक्त जनगणतान्त्रिक मोर्चाले कसरी सोचिरहेको छ ?***

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको बैठक चलिरहेको छ । हिजो सचिवालयको बैठक बस्यो । आज केन्द्रीय समितिको बैठक बस्दै छ । यस्तो अवस्थामा हामीले टुलुटुलु हेरेर बस्न सक्ने अवस्था हुँदैन । परिवर्तन र क्रान्तिको पक्षमा आउने सबै शक्तिहरूलाई हामीले एकजुट बनाएर सहकार्य गरी अघि बढ्नु पर्छ । विचार मिल्नेसँग एकता गरेर अगाडि बढ्ने हाम्रो सोच पनि रहेको छ । यसका लागि हामीले हाम्रो संगठनको पहलकदमीमा देशव्यापी रूपमा संगठन निर्माण गर्ने, जनपरिचालन गर्ने, राष्ट्रिय जनतन्त्र जनजीविकाका कुराहरूलाई लिएर आन्दोलन अगाडि बढाउने छौं । त्यसका लागि हामीले केन्द्रीय समितिको बैठक सकिएपछि ६ महिने आन्दोलनात्मक संघर्षको कार्यक्रमको घोषणा गर्नेछौं । एकातिर संगठनको अवस्थालाई सुदृढ बनाउने काम हुनेछ । संगठनको जिल्ला सम्मलेन, प्रदेश सम्मेलन र राष्ट्रिय सम्मेलन हामीले गर्नेछौं । त्यस दौरानमा हामीले देशभक्त जनगणतान्त्रिक मोर्चाको पहिलो राष्ट्रिय सम्मेलन गर्दै छौं । चैत्र २४ गते आफैमा राष्ट्रिय आन्दोलनको इतिहासमा अंकित छ । त्यस दिनमा हामीले देजमोको पहिलो राष्ट्रिय सम्मेलन उद्घाटन गर्दैछौं । अब छिटै नै हामीले राष्ट्रियता, जनतन्त्र, जनजीवीकाका विषयहरूलाई लिएर मेची-महाकाली अभियान सञ्चालन गर्नेछौं । त्यसमा पूर्वमा मेचीदेखि पश्चिममा महाकालीसम्म हाम्रा कार्यक्रमहरू अगाडि बढ्ने छन् । त्यसको मूलतः कार्यक्रमहरूका रूपमा जनसभा गर्ने, जनप्रदर्शन गर्ने सीमा अतिक्रमण र मिचिएका ठाउँहरूमा अवलोकन गर्ने आदि रहेको छ । जनतालाई शिक्षित बनाउने, जागरूप बनाउने र आन्दोलनको स्थितिलाई अगाडि बढाउने निर्णय हुनेछ । त्यस दौडानमा हामीले स्थानीयहरूमा अन्तरक्रिया, पत्रकार भेटघाट पनि गर्नेछौं । त्यसका लागि हामीले उद्घाटनका कार्यक्रमहरू चार ठाउँबाट सुरु गर्नेछौं । पूर्वमा मेचीबाट, पश्चिममा महाकालीबाट र बीचमा चाँहि पोखरा र काठमाडौंबाट कार्यक्रम सुरु गर्नेछौं । यो कार्यक्रम मेची-महाकाली १५ दिनसम्म चल्नेछ । यसको उद्घाटन फागुन ७ गतेदेखि २१ गतेसम्म हुने छ । साथै, यसको समापन चितवनको नारायणगढमा गरिने छ । यसरी आन्दोलन र संघर्षका कार्यक्रमहरूलाई अगाडि बढाउँदै गइसकेपछि हामीले अहिलेको वर्तमान नवप्रतिक्रियावादीहरूको राज्य सत्ताविरुद्ध जनतालाई आह्वान् गर्दै एउटा आम हड्तालको आह्वान गर्नेछौं ।

***संघर्षको यो आयोजनामा जनवर्गीय संगठनहरूका साथै सम्पूर्ण जातिय, क्षेत्रीय मोर्चाहरूको भूमिका कस्तो रहन्छ ?***

यसमा विभिन्न जनवर्गीय संगठनहरू र जातिय क्षेत्रीय मोर्चाहरूको पनि संगठन निर्माण गर्ने, भेला गर्ने, सम्मेलन गर्ने र बैठक बस्ने कामहरू हुन्छ । ती सबैलाई हामीले समेटेर देशभक्त जनगणतान्त्रिक मोर्चामा समायोजन गर्नेछौं । ती सबै तह र तप्काका जनसमुदायहरू पहाड, तराई लगायत सबै क्षेत्रका जनसमुदायहरूलाई जातिय, क्षेत्रीय, लिङ्गिय भाषिक सबै क्षेत्रका जनसमुदायहरूलाई समेटेर अगाडि लैजाने हाम्रो निर्णय छ । यो प्रयत्न पनि हामीले गर्नेछौं ।

***अहिलेको सरकारको जनताले विकल्प खोजेका छन् । साचो अर्थमा क्रान्तिकारीहरू विकल्पका रूपमा अघि बढ्न सक्लान् ?***

अहिले हामीले जुन कार्यक्रमहरू राखेका छौं विकल्पको समस्या छैन । अहिलेको विकृत संसदीय एउटा पुँजीवादी व्यवस्था हो । यसले राष्ट्रिय जनतन्त्र जनजीविकाको समस्या समाधान गर्ने कुरो भएन र अहिले देशको अवस्था अर्धसामन्ती र खास गरेर नवउपनिवेशिक बढी हावी हुन गैरहेको अवस्थामा हामीले एउटा देशभक्त र गणतन्त्रवादी अग्रगामी शक्तिहरूलाई समेटेर नयाँ जनवादी क्रान्ति सम्पन्न गरेर वैज्ञानिक समाजवादको दिशामा अगाडि बढ्ने हो । यसको विकल्प यहि हो । त्यसको लागि सबै पक्षलाई समेटेर जानु पर्दछ । हामीले अहिले नै विकल्प भइसक्यो भन्ने कुरा हुँदैन । तर विकल्प हामी हो । सैद्धान्तिक, राजनीतिक सबै हिसाबकिताबले हाम्रो कार्यक्रममा कसैले खोट लगाउन सक्दैन । त्यही विकल्पलाई मूर्त रूप दिनको लागि यस प्रकारको कार्यक्रम र आन्दोलनहरू घोषणा गरेका छौं । यस दौरानमा सबै कार्यक्रम देशमा जुन समस्या जनताले भोग्नु परेका छ । देशमा जसरी भ्रष्टाचार, कुशासन जगडेर बसेको छ, यसलाई हटाउन हामीले मुद्दा मिल्ने शक्तिहरूसँग सहकार्य गरेर जाने नीति पनि बनाएका छौं । त्यसका लागि देजमोले एउटा वार्ता संम्वाद टोलीको निर्माण गर्नेछ र त्यस प्रकारका शक्तिहरू पहिचान गरेर सहकार्य गर्ने, संम्वाद गर्ने र संयुक्त आन्दोलनलाई उठान गर्ने प्रयत्न हुनेछ ।

***वर्तमान नेकपाको सरकारको असक्षमताका कारणले कम्युनिस्टहरूले केही पनि गर्न सक्दैनन् भन्ने जनतामा परेको छ, यसलाई वैचारिक रूपमा जनताको बीचमा कसरी लैजान र प्रष्ट पार्न सकिन्छ ?***

अहिले नेपालको सन्दर्भमा यो विडम्वना भएको छ । जनताले कम्युनिस्ट, वामपन्थी भनेर समर्थन गरेर काँग्रेसलाई हराएर कथित वामपन्थीहरूलाई भोट दिएर जिताए । अन्तर्राष्ट्रिय रूपमा पनि साम्राज्यवादी, प्रतिक्रियावादीहरूले कम्युनिस्ट भनेका छन् यिनलाई । तर यी भने कम्युनिस्ट होइनन् । कम्युनिस्टको कुरा त छोड्नुस वामपन्थी पनि होइनन् । यिनीहरूको व्यवहारले होइनन् भन्ने नै देखाएको छ । यिनीहरू कम्युनिस्ट होइनन् भन्ने कुरा यिनीहरूको व्यक्तिगत जीवनशैली र यिनीहरूले चलाएको शासनशैलीले नै देखाएको छ । यदि यिनीहरू कम्युनिस्ट हुन् र वामपन्थी हुन् भने उनकै शासन कालमा किन यति ठूलो देशघात र राष्ट्रिय स्वाधीनतामाथि विदेशी हमला त ? जनतन्त्र घायल भइरहेको छ । विभिन्न घटनाहरू घटिरहेका छन् । अपराधीहरू खुलेआम घुमिरहेका छन् । देशमा जनताले सजिलोसँग स्वास्थ्य उपचार गर्न पाएका छैनन । शिक्षा हासिल गर्न पाएका छैनन् । देशमा रोजगारी छैन । अहिले पनि पुरानै तरिकाले, जसरी पंञ्चायत र नेपाली काँग्रेसले घिसेपिटे बजेट र कार्यक्रम ल्याएर चलाएका थिए, त्यही शैलीमा चलिरहेको छ । त्यसैले, यसले के पुष्टि भएको छ भन्दा जनताले भ्रममा नेकपालाई कम्युनिस्ट भनेका रहेछन् । अन्तर्राष्ट्रिय प्रतिक्रियावादीहरूले उनीहरूमार्फत् हामीलाई समेत् बदनाम गर्नका लागि कम्युनिस्ट नै भनेका छन् । यिनीहरूले वास्तवमा हामीजस्ता सच्चा कम्युनिस्टहरूलाई बदमान गर्दैछन् । यस प्रकारका कथित कम्युनिस्ट वामपन्थीहरूको भण्डाफोरमा कमी भएको छ । यिनीहरूको समग्र भण्डाफोर गरेर अगाडि जानु पर्ने आवश्यकता छ । यसमा सधै सच्चा क्रान्तिकारीहरू, वामपन्थीहरू, कम्युनिस्टहरूले गम्भीर रूपले सोच्नु पर्दछ ।

***अहिले यो बेला सत्ताधारी नेकपा पार्टीको बैठक बसिरहेको छ । देजमोले कसरी हेरिरहेको छ ?***

उनीहरू नाम मात्रको कम्युनिस्ट हुन् । उनीहरूको पार्टीभित्र जुन प्रकारको विवाद आएको भनिएको छ त्यो देश र जनताको हितमा, राष्ट्रिय स्वाधीनता, जनतन्त्र, जनजीविका पक्षमा चिन्तन मनन् गर्नका लागि एउटा कम्युनिस्ट आन्दोलन अगाडि बढाउनका लागि वैचारिक, सैद्धान्तिक, राजनीतिक र विचारधारात्मक कुरामा छलफल गर्नका लागि होइन । त्यहाँ जम्मा भएका अवसरवादीहरू बीचको भागबन्डा, लुछाचुडी र अवसर खोज्नका लागि तिनीहरूको लडाइँ हो । झिनो रूपमा त्यहाँ पनि विरोधको स्वर देखिएको छ । तर जुन प्रकारको सैद्धान्तिक, दार्शनिक अथवा विचारधारात्मक आधारमा त्यो पार्टी खडा भएको छ, त्यही आधारको सेरोफेरोमा रहेर त्यस प्रकारको विरोधको पनि अन्ततः कुनै अर्थ रहँदैन ।

***यो सँगसँगै अर्को पार्टी पनि छ, नेपाली कांग्रेस । नेपाली काँग्रेसको अहिलेको महासमितिको बैठकलाई मोर्चाले हेर्ने दृष्टिकोण के छ ?***

नेपाली कांग्रेसलाई त हामीले प्रतिक्रियावादी वर्गको प्रतिनिधित्व गर्ने पार्टीको रूपमा लिन्छौं । यसको इतिहासले पनि के देखाउँछ भने राष्ट्रघाती, जनघाती कामहरू गर्दै आएको पार्टी हो । भ्रष्टचारको कुरा गर्नुहुन्छ भने कांग्रेस पार्टीको नेताहरूलाई भ्रष्टचारको कारवाही भएको पनि हामीले देखेका छौं । त्यो भएको हुनाले कांग्रेसले जुन सुकै गतिविधि नीति निर्णय गरेपनि नेपालको आर्थिक, सामाजिक, राजनीतिक परिवर्तनलाई कुनै पनि योगदान दिन सक्दैन । त्यसको ठाउँमा हिजो कांग्रेसले गरेको कामलाई नेकपाले पनि दोहोऱ्यायो । त्यसैले उसले गर्ने निर्णयको कुनै अस्तित्व छैन । त्यहाँ भित्रको अहिलेको अवस्था के हो भने चुनाव हारेर धुलीसात् भइसकेपछि त्यसबाट तंग्रन नसकेको अवस्था छ ।

***पछिल्लो चरणमा संघीयता सम्बन्धी देखिएका विवादहरू छन् । यसलाई मोर्चाले कसरी लिइरहेको छ ?***

नेपालको विगतको आन्दोलनमा जनयुद्धसँगै जनआन्दोलन सम्पन्न भयो । त्यसमा चारवटा परिवर्तन भए । एउटा गणतन्त्र, त्यो भनेको राजतन्त्रको विरुद्धमा गणतन्त्र हो । अर्को एकात्मक शासन व्यवस्था विरुद्ध संघीय शासन प्रणाली । अर्को हिन्दू राज्यको ठाउँमा धर्मनिरपेक्ष राज्य । अर्को चाहिँ केन्द्रीकृत शासन व्यवस्थाको विरुद्ध समावेशी, समानुपातिक प्रतिनिधित्वको व्यवस्था । संघीयतामा कुरा के हो भने केन्द्रीकृत र एकात्मक शासन व्यवस्थाले नेपाललाई नै एउटै रूपमा लियो । सबै चिज काठमाडौंमा केन्द्रित भयो । राजनीतिक सत्ताको काम सबै यही केन्द्रीकृत भए । र त्यसको विरुद्धमा संघीयता आएको थियो । संघीयतालाई सफल हुनुका पछाडि केन्द्रीकृत एकात्मक शासन व्यवस्थाले कारकको काम गरेको थियो, जसले क्षेत्रीय, लिङ्गिय, जातिय विभेद गरेको थियो । त्यसलाई निर्मुल पार्नका लागि यो राज्य सत्ता सबै वर्ग क्षेत्र, लिङ्गका कुराहरूलाई अपनत्व ग्रहण गर्नका लागि संघीयता आएको हो । त्यसको लागि राम्रो प्रयास पनि भएको थियो । पहिलो संविधान सभामा राम्रो प्रयत्न भएको थियो । त्यसको पहिचान सामर्थ्य लगायतका विषयलाई लिएर प्रदेशहरूको निर्माण गर्ने कुरा भएको थियो । पछि यो संघियतालाई विकृत पारियो । यस प्रकारको संघीयताको लागि हाम्रो सहमति छैन । नेपालमा जुन उद्देश्यले संघीयता आएको थियो, त्यो हिसाबमा यिनीहरूले संघीयतालाई कार्यन्वयन गरेर जान सक्ने अवस्था देखिएन । देशले अर्को ठूलो परिवर्तनको राज्य पुर्नसंरचना अथवा राज्यको जुन एउटा चरित्र छ जनविद्वेशी, जनविरोधी जुन राज्यको यस्तो चरित्र छ, त्यसलाई धरासायी पार्नका लागि जनमुखी राज्य व्यवस्था, राज्य संरचना निर्माणका लागि अझै ठूलो आन्दोलनको आवश्यकता हुनेछ ।

***देशले ठूलो परिवर्तनको अपेक्षा गरिरहेको बेला क्रान्तिकारी विकल्पका रूपमा मोर्चाले संघर्षका कार्यक्रमहरू अगाडि बढाउन सक्ला ?***

शासन व्यवस्थाको संरचना त्यो महत्वपूर्ण होइन । महत्वपूर्ण के हो भन्दाखेरी राज्य सत्ता जनहित र जनमुखि हुन्छ कि हुँदैन भन्ने महत्वपूर्ण हो । यदि एकात्मक व्यवस्थापन जनमुखी भयो भने त्यो हुन सक्छ । केन्द्रीकृत व्यवस्थापन जनमुखि भयो भने त्यो राम्रो काम गर्न सक्छ । मुख्य कुरा के हो भन्दा राज्यको चरित्र त्यसको सार जनता र जनहित जनमुखि हुन्छ कि हुँदैन भन्ने कुरा हो । जहाँसम्म राज्यको संरचनाको कुरा छ त्यो त साधन हो । साधन र संरचना बदल्न सकिन्छ । साध्य भनेको विचार र राज्यको चरित्र हो । व्यवस्थाको संरचना भनेको साधनमात्र हो । यदि साधनले जनता र देशको हितको पक्षमा काम गर्न गाह्रो पार्छ भने त्यो स्वतः बदलिन्छ । मुख्य कुरा के हो भने कुनै पनि राजनीतिक परिवर्तन आउनुको पछाडि कारण हुन्छ विना कारण आउँदैन ।

यस्तो अवस्थामा हाम्रो क्रान्तिकारी मोर्चा वा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल नै यो सत्ताको खास विकल्प हो ।

> “ **नेपालमा जुन उद्देश्यले संघीयता आएको थियो, त्यो हिसाबमा यिनीहरूले संघीयतालाई कार्यन्वयन गरेर जान सक्ने अवस्था देखिएन । देशले अर्को ठूलो परिवर्तनको राज्य पुर्नसंरचना अथवा राज्यको जुन एउटा चरित्र छ जनविद्वेशी, जनविरोधी जुन राज्यको यस्तो चरित्र छ, त्यसलाई धरासायी पार्नका लागि जनमुखी राज्य व्यवस्था, राज्य संरचना निर्माणका लागि अझै ठूलो आन्दोलनको आवश्यकता हुनेछ** ”

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# अविश्वासको घेरामा स्थानीय न्यायिक समिति

काठमाडौं । स्थानीय सरकार निर्माण भएपछि जनताका घरघरमा न्याय पुग्ने विश्वासका साथ निर्माण गरिएको स्थानीय न्यायिक समितिप्रति जनताको आकर्षण बढ्न सकेन । नगरपालिकाको उपमेयरको संयोजकत्वमा र गाउँपालिका उपप्रमुखको संयोकत्वमा हरेक स्थानीय सरकारहरूमा स्थानीय न्यायिक समिति रहेको छ । सुरुमा यो न्यायिक समितिप्रति स्थानीय जनताको केही आशा र भरोसा तथा आकर्षण बढ्दै गइरहेको देखिए तापनि स्थानीय सरकारले सत्ता सञ्चालन गरेको एकवर्ष पुगिसक्दा यसमा ह्रास आउँदै गएको छ ।

लामो समयसम्म स्थानीय सत्ता खाली रहनु, न्यायिक कामहरू सम्पादन हुन नसक्नु र जनताहरू अदालतमा जान र मुद्दाहरू फैसला गर्न बानी परिसक्नुका कारणले पनि यसो हुन पुगेको विज्ञहरूको भनाइ रहेको छ । यसका साथै गाउँघरमा सामान्य असमझदारी वा झैझगडामा कमी आउनु र झगडा तथा खिचलोहरू केही माथिल्लो तहका हुनजानु र त्यसको अदालती तथा स्थायी समाधान खोजिनुका कारणले पनि जनताको स्थानीय न्यायिक समितिप्रति ध्यान जान सकिरहेको छैन ।

अर्को कुरा, केन्द्रीय वा संघीय सरकारले पूर्णतः अधिकार प्रादेशिक तथा स्थानीय सरकारलाई दिइसकेको छैन र उल्टै अंकुश लागाएर व्यवधान खडा गरिरहेको छ । यस्तो अधिकारविहीन सत्ताप्रति जनताको चासो त्यसै पनि बढ्न सक्दैन । न्यायालयहरू केन्द्रीय सरकारका मातहतमा चलिरहेकाले पनि स्थानीय जनताको न्यायप्रतिको मनोवैज्ञानिक विश्वास स्थानीय न्यायिक निकायमा सर्न सकेको छैन ।

योसँग जोडिएको अर्को महत्वपूर्ण कुरा भनेको स्थानीय न्यायिक निकायले पक्षविपक्षबीच मेलमिलाप मात्र गर्छ र गराउँछ । तर अदालतमा फैसलासम्म गर्ने अधिकार छ । यो सापेक्षतामा स्थायी र झन्झट टुंगिने प्रक्रिया पनि हो । तथापि गाउँघरमा हुने न्यायसम्बन्धि सबैजसो समस्याहरू मेलमिला गर्ने खालका नै हुन्छन् । यी कुराहरूलाई मनन गरेर स्थानीय न्यायिक निकायलाई नायिक सम्पादनका हिसाबले सशक्तिकरण गर्नु जरुरी छ । यसका लागि उच्चस्तरको तालिम, छलफल, पुस्तकालय निर्माण तथा गाउँघरमा न्यायिक जनसचेतनाका अभियानहरू चलाइनु पर्दछ ।

तत्कालका लागि स्थानीय जनप्रतिनिधिहरूमा रहेको न्यायिक सम्पादन कार्यमा देखिएका केही अपुग तथा कमी कमजोरीका कारण पनि स्थानीय जनताको चासो र आकर्षण नबढेको देखिन्छ । यसका साथै निर्वाचित स्थानीय न्यायिक समिति मार्फत् न्याय सम्पादन कार्य नेपालको इतिहासमा पहिलो पटक भएकाले पनि बानी लाग्न समय लाग्ने देखिन्छ ।

# ट्रक दुर्घटनाप्रति व्यवसायीको सतर्कता जरुरी

काठमाडौं । नुवाकोटको दुप्चेश्वर गाउँपालिका-१, घ्याङ्फेदीमा शुक्रवार मिनी ट्रक दुर्घटना हुँदा १७ जनाको घटनास्थलमा नै मृत्यु भएको छ भने अन्य सख्त घाइते भएका छन् । दुर्घटना रातको ९.० बजे भएको थियो । दुर्घटना हुँदा मिनिट्रक बाटोबाट ३०० मिटर तल खसेको थियो । रातको समय भएकाले मृतकहरू सबैको सब रातमा संकलन गरी पहिचान हुन सकेन ।

दुर्घटना हुँदाका बखत ट्रकमा करीब ४० जना मानिसहरू रहेको बताइएको छ । नुवाकोटको दुप्चेश्वर इलाका जस्तै नेपालका अन्य ग्रामीण इलाकाहरूमा पनि यस्ता घटनाहरू धेरैथोरै हुने गरेका छन् । यसमा दोषी ट्रक वा ट्र्याक्टर चालकहरू भन्दा पनि वस व्यवसायीहरू रहने गरेको स्थानीयको गनासो छ ।

वस व्यवसायीहरूले यी ग्रामीण इलाकाहरूमा सिण्डिकेट अहिले पनि जारी राखेका छन् । सिण्डिकेटमा चल्ने बसहरू एक त नियमित छैनन्, यो भन्दा बढी त उनीहरू आफ्नो मर्जीले कहिले बस चलाउने त कहिले नचलाउने गर्दै आएका छन् । तर स्थानीय सरकार र जिल्लाका अधिकारीहरू यसका बारेमा कहिल्यै पनि गम्भीर देखिएका छैनन् ।

वस व्यवसाय सञ्चालन गर्नु भनेको पैसा कमाउनु वा यवसाय चलाउनुका साथै स्थानीय जनतालाई दिने यातायात सुविधा पनि हो । तर यो केवल पैसा कमाउने र साहुको मर्जीको खेल हुन पुगेको छ । स्थानीय जनतालाई रातसाँझ वा बिहानमा आफ्नो आवश्यक परेको ठाउँमा जानु नै पर्छ । उनीहरू बसको ठेगान नहुने भएकाले ज्यानको जोखिम लिएर पनि ट्रक वा ट्र्याक्टरको जोखिमपूर्ण यात्रा सुरु गर्छन् । यो बाध्यताको यात्रा गाउँघरमा अहिले पनि जारी छ ।

देश वेपर्वाहिमा चलेको छ । सरकार जनताप्रति उत्तरदायी छैन । नेताहरू आफ्ना कार्यकर्ता, समर्थक र शुभचिन्तकहरूप्रति लापर्वाह छन् । उनीहरूलाई आफ्नो व्यक्तिगत स्वार्थ, लाभ र कुर्सीभए पुग्ने गरेको छ । जहाँ पनि गुट र भागबण्डाको तानातान छ । त्यसमा झन् मुनाफा कमाउनका लागि गरिइने व्यवसाय ! स्वार्थभन्दा अरु कसलाई केको खाँचो भयो र ? वस व्यवसायीहरूका लागि पनि यही स्वार्थ लागु हुन्छ । यी सबैका कारण जनताले यस्तै विपद् भोग्नु परि नै रहेको छ ।

## कांग्रेस...

अर्कोतिर पार्टी नेतृत्वमा विवादैविवाद र गुटउपगुटको माखे सांगलोमा बेह्रिएको कांग्रेस गाउँदेखि केन्द्रसम्म शिथिल प्राय बनेको छ । यस्तो अवस्थामा महासमितिले सङ्घीयताअनुसारको उपयुक्त विधान अनुमोदनसँगै भावी कार्यदिशा तय गर्ने जिम्मा पाएको छ । यदि यसो हुन गयो भने नेपाली काँग्रेस अपेक्षा गरेअनुसार सुधारउन्मुख हुने विश्लेषकहरूको दाबी रहेको छ ।

सभापति शेरबहादुर देउवाको संस्थापन गुट, नेता रामचन्द्र पौडेलको अर्को गुट र महामन्त्री सशांक कोइरालाको अर्को गुट निकै क्रियाशील रहेका छन् । यसले गर्दा पनि महासमिति वैठक निकै परसम्म तानिने देखिएको छ । महासमितिको वैठकमा कांग्रेसी प्रजातान्त्रिकरणका कुराहरू पनि उठेका छन् । यो कुरा बढी सैद्धान्तिक भएकाले प्राविधिक र भागबण्डाकै कुराहरूले स्थान पाउने ददेखिएको छ ।

कांग्रेसी महासमितिमा उठेको अर्को प्रश्न भनेको माओवादी केन्द्रसँगको सहकार्य पनि हो । कांग्रेसीहरू यसलाई कम्युनिस्टहरूसँग सहकार्य भन्ने गरेका छन् । पुष्पकमल दाहालको वाक्छलमा परेका कांग्रेसीहरू दाहालको छोरी रेणुको मत मागेर सिद्धिएको अधिकांशको ठम्याइ रहेको छ । तर सभापति शेरबहादुर देउवा भने यो स्वीकार गर्न तयार छैनन् । महासमितिमा देउवा बरु कांग्रेसको आन्तरिक कलह र अन्तरघातका कारण हारेको निष्कर्षमा पुगेका छन् ।

महासमितिमा पुस्ताका कुरा पनि उठेको र उठाइएको छ । तथापि युवा पुस्ता भन्नेहरूले पनि कांग्रेसी समाजवादको कुनै पनि उच्चारणसम्म गरेका छैनन् । त्यसैले महासमितिमा भेला भएकाहरूका लागि यो वैठक गुटका भेला र तिनले काठमाडौंमा दिएको भोज जस्तो हुन पुगेको छ ।

कांग्रेसी महासमितिको वैठकमा हिन्दु राष्ट्रका बारेमा पनि निकै चर्चा गरिएको छ । यतिसम्म कि हस्ताक्षर पनि संकलन गरिएको बताइएको छ । हस्ताक्षर नेताहरूले पनि गरिरहेका भन्ने कुराहरू सार्वजनिक भएको छ । यद्यपि कांग्रेसले घोषित रूपमा हिन्दू धर्म र हिन्दु राष्ट्रको वकालत भने गरेको छैन ।

कांग्रेसमा देखिएको यो गुटगत कसरत अन्त्यमा गएर गुटको व्यवस्थापनसहित टुंगो लाग्ने देखिन्छ ।

## सरकारले...

छुट्टै कार्यशैलीका कारण अझै पनि केही भिन्नता बाँकी' रहेको भनिएको छ ।

यसका लागि पूर्व विचार र मत भिन्नताहरूका साथै कार्यशैलीहरू सुधार गरेर भिन्नतालाई मेटाउन र विचार तथा व्यवहारमा सोको अभिव्यक्ति गर्न केही नयाँ प्रयासहरू गरिनु आवश्यक रहेको कुरा पनि प्रतिवेदनमा उल्लेख गरिएको छ । हाल पनि एक भएको घोषणा गरिएका तर भिन्न बसाइ र पद्धतिमा रहेका पूर्व दुवै पार्टीमा आआफ्ना आर्थिक कारोबारहरू चलाउँदै आएका छन् । पूर्व एमालेकाहरूले कपी ओलीकहाँ र पूर्व माओवादी केन्द्रकाहरूले दाहालकहाँ आफ्ना आर्थिक लेबीहरू बुझाउने र कारोबार गर्ने गरिरहेका छन् । यस अतिरिक्त पछिल्लो पटक पार्टी तथा सरकारको कामकारवाही र कार्यशैलीप्रति विरोध जनाउँदै आएकाहरूका तर्फबाट वामदेव गौतमले लिखित प्रतिवेदनका रूपमा आफ्ना विचारहरू राखेका छन् ।

पार्टी र सरकार व्यवस्थित हुनुपर्ने भन्दै फरक मतका प्रस्तोता गौतमले सरकार सञ्चालन तथा पार्टी सञ्चालनमा दुवै अध्यक्षहरूको विरोध गरेका छन् । यो विरोध विचारभन्दा पनि कार्यशैलीलाई लिएर गरिएको छ । गौतम बढी राजनीतिक नियुक्ति, सरकारी काम र संगठन एकीकरणका कुराहरूमा गहिरिएर गएका छन् । उनले पद्धतिका कुराहरू उठाउँदै गर्दा प्रम ओलीले मन्त्रीहरू नियुक्त गर्दा पार्टीलाई केही पनि नसोध्ने र आफूखुशी गर्ने गरेको बताएका छन् ।

उनले प्रस्तुत गरेको प्रतिवेदनमा सरकार र पार्टी बीचको अन्तरससम्बन्ध केलाउँदै भनिएको छ- 'दुःखका साथ भन्नु पर्छ पार्टीले सरकार त चलाएकै छैन, सरकारले पार्टी चलाउने कुरै आउँदैन्' । तर यथार्थमा सरकारले नेकपा चलाइरहेको छ । गौतमले त यतिसम्म पनि भनेका छन् फोरम नेपाललाई सरकारमा सहभागी गराउँदासमेत् प्रम ओलीले पार्टीमा एक वचन पनि सोधेका र छलफल गराएका थिएनन् । गौतमले अन्तर्राष्ट्रिय गैरसरकारी धार्मिक संस्था युनिभर्सल पिस फेडरेशनको कार्यक्रममा सरकार आयोकका रूपमा रही सहभागी भएको र ओलीले सोल्टी होटलमा तीनदिनसम्म डेरा जमाएको कुराको पनि विरोध गरिएको छ । वामदेव गौमको फरक मत विचारमा नभई झिनामसिना कुराहरूमा मात्र छ ।

## देजमोले...

छ । यसरी आन्दोलन र संघर्षका कार्यक्रमहरूलाई अगाडि बढाउँदै गइसकेपछि हामीले अहिलेको वर्तमान नवप्रतिक्रियावादीहरूको राज्य सत्ताविरुद्ध जनतालाई आह्वान् गर्दै एउटा आम हड्तालको आह्वान गर्नेछौं ।'


# पोखरा महानगरपालिकाको सूचना

- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सवै सचेत बनौं ।
- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरूलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- छतको पानीलाई सार्वजनिक बाटोमा नखसालौं । स्वयं घरधनीले उचित व्यवस्थापन गरौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- पोलिथिन झोला ( ४० माइक्रोनभन्दा कम ) र गिलास प्रयोग नगरौं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुऱ्याऔं । विज्ञ प्राविधिकहरूको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।

*जन्म, मृत्यु, विवाह, बसाई सराई लगायतका घटना दर्ताहरू समयमै गरौं ।*

**पोखरा महानगरपालिका**
परिवार



# बारपाक सुलिकोट गाउँपालिकाको
# सार्वजनिक अपिल

- गाउँपालिकामा तिर्नुपर्ने सम्पूर्ण कर समयमै तिरेर सभ्य नागरिकको परिचय दिउँ ।
- गाउँपालिकालाई पूर्ण सरसफाइयुक्त गाउँ बनाउन सबै एकसाथ जुटौं ।
- घरपरिवार, विद्यालय, समुदाय तथा सम्पूर्ण समाजमा बालमैत्री वातावरण निर्माण गरौं ।
- बारपाक सुलिकोट गाउँपालिकालाई बालमैत्री गाउँ बनाउने अभियानमा सबैले सहयोग गरौं ।
- बालश्रम दण्डनीय छ । १४ वर्षभन्दा कम उमेरका बालबालिकाहरूलाई कुनै पनि शर्तमा काममा नलगाऔं ।
- ज्येष्ठ नागरिकहरूलाई माया, सहयोग र सम्मान गरौं । दया र सहानुभूति कहिल्यै व्यक्त नगरौं ।
- अपाङ्गमैत्री भौतिक तथा सामाजिक संरचना निर्माण गरौं ।
- सबै क्षेत्रको नेतृत्व तहमा अनिवार्य ५० प्रतिशत महिला सहभागिताको गाउँपालिकाको नीतिलाई सार्थकतामा बदलौं ।
- भवन निर्माण गर्दा भूकम्प प्रतिरोधी प्रविधि अपनाऔं ।
- समयमा नै व्यक्तिगत घटना (जन्म, विवाह, मृत्यु, बसाइसराइ, सम्बन्ध-विच्छेद) दर्ता गर्ने बानी बसालौं ।
- गाउँपालिकालाई वातावरण मैत्री गाउँ बनाउन सबैले आ-आफ्नो स्थानबाट जुटौं ।

**बारपाक सुलिकोट गाउँपालिका परिवार**

# फ्रान्समा 'यलो भेष्ट' आन्दोलन जारी



काठमाडौं । फ्रान्सका राष्ट्रपति इम्मामनुअल म्याक्रोंले 'यलो भेष्ट' आन्दोलनलाई सम्बोधन गरे पनि यो आन्दोलन मत्थर हुने छाँट देखिएको छैन । म्याक्रोंले मजदुरहरूको तलव वृद्धिका साथै व्यापारी तथा सर्वसाधरणहरूका लागि कर कम गर्ने भनी संबोधन गरे पनि जनता सडकमा ओर्लने प्रक्रिया रोकिएको छैन ।

सुरुमा आन्दोलनलाई नजर अन्दाज गरेर बसेका म्याक्रों आनदोलनको विकराल रूप देखेपछि जेजसरी भए पनि यो आन्दोलन अन्त्यका लागि छलफल मार्फत् निकासमा जानु पर्ने कुरामा सहमत हुन आग्रह पनि गरेका थिए । यहिले यसले देशव्यपी रूप लिन थालेको छ ।

लगातार ४ हप्तासम्म चलेको सरकार विरोधी यो आन्दोलन फ्रान्सको केही दशकका आन्दोलनहरूमध्ये एक डरलाग्दो आन्दोलनका रूपमा चित्रित गएिको छ । यो आन्दोलन देशमा बढाइएको कर र मूल्य वृद्धि विरुद्धमा निरन्तर अघि बढिरहेको छ ।

फ्रान्सका मध्यपन्थी तथ वुद्धिजीवीहरूले यो आन्दोलनलाई समयमै संबोधन गर्न र सहमतिसहित टुंग्याउन सरकारलाई गम्भीरताका साथ अनुरोध सुझाव दिएका छन् । यसका लागि सरकारले तत्काल ठोस कदमहरू चाल्न पनि विशेष अनुरोध गरेका छन् ।

रानीतिक वृत्तमा पनि यसै गरी म्याक्रोंलाई अनुरोध गरिएको छ र समाजले चारचारहप्तासम्म बेहोरेको दुख र कष्टलाई अनदेखा नगर्न भनिएको छ । यसको समाधानका लागि विना ढिलाई गम्भीर निर्णयहरू लिनु पर्ने पनि सुझाइएको छ । यसलाई कसले जित्छ र कसले हार्छ भनी 'इगो'का रूपमा होइन, समग्र फ्रान्सको आर्थिक संकटले निम्त्याएको संघर्षका रूपमा लिन अनुरोध पनि गरिएको छ । मूल्य वृद्धि, चर्को कर तथा सेवासुविधामा भएको अभावले यसलाई निम्त्याएको रूपमा बुझ्न पनि भनिएको छ । यो स्थिति समग्र फ्रान्सेली जनता र फ्रान्सका लागि दुर्भाग्य भएको पनि बताइएको छ ।

आन्दोलनमा उत्रिएका जनताले म्याक्रों पूर्व व्यांकर हुन् र उनले जनताका समस्याहरू कत्ति पनि बुझ्न सक्दैनन्, समस्या यसैले पनि निम्त्याएको हो भनी आरोपित गरिएको छ । आक्रमण, प्रत्याक्रमण, हिंसा, प्रतिहिंसा र आगजनी तथा बिष्फोटन अनि लुटपाटका घटनाले फ्रान्सलाई असुरक्षित देशका रूपमा चित्रित गरेको पनि बताइएको छ । सरकारले पर्यटकहरूलाई सुरक्षा दिइने र देश छोड्नु नपर्ने भने पनि पर्यटकहरू भने फ्रान्सको बसाई छोट्याएर अन्य देशहरूको यात्रामा लागिरहेका छन् ।

पछिल्ला दिनहरूमा भन्पछि झन् क्षतिको विवरण सार्वजनिक हुन थालेपछि देशभर चिन्ता छाएको छ । गाडीहरू जलाउने, शिशाका झ्यालहरू फोड्ने, पसलमा लुटपाट गर्ने, अश्रुग्यास र रबरका गोली प्रहारबाट मानिसहरू घाइते हुने र देशको दैनिक राजस्वमा निकै कमी आउने गरेकाले फ्रान्समा यसले राष्ट्रिय संकट निम्त्याउन सक्ने तर्फ पनि सरकारलाई सचेत गराइएको छ ।

वार्ता संवादको बाटो खोज्न भन्दा दमनको बाटो रोजेर म्याक्रोंको सरकारले बख्तरबन्द गाडी तथा सशस्त्र सैन्य बल सडकमा उतारेर भिडन्त निम्त्याएको थियो । यसलाई मानवअधिकार कर्मी तथा विदेशी पर्यवेक्षकहरूले भर्त्सना पनि गरेका छन् । अहिलेसम्म लाखौं प्रदर्शनकारीहरू देशका ठूलाठूला सहरहरूमा उत्रिएका र तिनीहरूको दमनका लागि कम्तीमा आठ हजार सशस्त्र फौज उतारिएको बताइएको छ । दश हजार प्रदर्शनकारीहरूलाई सरकारले नियन्त्रणमा लिएको बताइएको छ ।

सम्बोधन गरेका कुराहरू कार्यान्वयनमा नल्याएपछि विरोध प्रदर्शनको प्रक्रियामा कमी होइन, बढोत्तरी हुँदै गएको छ ।

# सुरू भएको हो भाजपारहित भारत ?



काठमाडौं । भारतमा लोकसभा पूर्वसन्ध्यमा भएको निर्वाचनमा वर्तमान प्रधानमन्त्री नरेन्द्र मोदीको पार्टी भाजपाले अप्रत्याशित हार बेहोरेको छ । पाँच राज्यमा भएको निर्वाचन परिणामले भाजपा सकिइँदै गएको देखाएको छ । निकै हल्लाखल्ला र प्रचारबाजीमा लागेको मोदी सरकार र यसको पार्टी जनतनमा भने नांगिइँदै गएको प्रतित हुन थालेको भारतीय जनताले खुले बताउन थालेको छन् ।

छत्तीसगढ र राजस्थानमा भएको भाजपाको सरकारका ठाउँमा अब कांग्रेस आईले सरकार निर्माण गर्ने भएको छ । मध्य प्रदेशमा पनि कांग्रेस अगाडि नै देखिएको छ । छत्तीसगढ र राजस्थानमा भाजपाले १५ वर्षदेखि निरन्तर सरकार बनाउँदै आएको थियो । तर यसपालाको निर्वाचनबाट उसले हात धुनु परेको छ । पाँच वर्षदेखि हालिमुहाली गर्दै आएको राजस्थान पनि यस पालादेखि गुमेको छ ।

यसले अब चार महनापछि हुन गइरहेको विधानसभाको निर्वाचनमा मोदीको पार्टी भारतीय जनता पार्टी बढारिन सक्ने पूर्व संकेत गरेको छ । सन् २०१४ देखि लगातार ओह्रालो लागिरहेको कांग्रेस आई अब उकालो लाग्न थालेको समाचार भारतभर संप्रेषण भएको छ । यसो हुनुको पछाडीको कारणहरूमा मोदीको अति हिन्दुवादी सोच र चरम दक्षिणपन्थीहरूको देशव्यापी अपाच्य हर्कतले काम गरेको छ । गैर हिन्दूमाथि गरिइँदै आएको निरन्तर बर्बरता पनि यसको अर्को कारण बन्न पुगेको छ ।

तेस्रो कारणमा कर्मचारी तथा प्रहरीहरूमाथि हिन्दूवादीहरूको दबाब र उत्पीडनले पनि काम गरेको छ । यसका साथै छिमेकी देशहरूसँग मोदी सरकारले गर्दै आएको द्विपक्षीय वा त्रिपक्षीय सम्बन्धले पनि यसमा ठूलो प्रभाव पारेको छ । नेपालमा भारतको हस्क्षेपलाई भारतीय विस्तारवादी हस्तक्षेप भनिए झैं भारतमाथि अमेरिकाले गर्दै आएको हस्तक्षेपलाई साम्राज्यवादी हस्तक्षेपका रूपमा भारतीयहरूले निन्दा र भर्त्सना गर्ने गरेका छन् । मोदी सरकारले अमेरिकी हस्क्षेपलाई प्राविधिक तथा हतियार खरिदको स्तरसम्म पनि विकास गरेको भारतीय जनतालाई चित्त बुझिरहेको छैन ।

प्रजातान्त्रीकरण हुनु पर्ने आजको जमानामा उल्टै धार्मिकीकरण हुन थालेपछि अब भारतको गति अगतिमा परिणत हुन जाने भारतीय वृद्धिजीवीहरूका बीचमा ठूलो बहस नै चलेको छ । त्यसैले 'अति सर्वत्र बर्जयेते' भने झैं भाजपाका दिन गन्तीहरू सुरु भएकै भारतीय जनताको ठहर देखिएको छ ।

भाजपा विरोधी प्रदेश सरकारहरू धमाधम निर्माण हुन थालेपछि अबको पाँच वर्षको भारतीय राजनीतिको आँकलन गर्न थालिएको छ । पहिले 'कांग्रेसरहित भारत'को नारा दिएको मोदीको विरुद्धमा अहिले 'भाजपारहित' भारतको चर्चा चल्न थालेको छ । यदि यी पाँच प्रदेशहरूको निर्वाचन नतिजालाई संकेतका रूपमा लिने हो भने अब भाजपारहित भारतको लहर आइसकेको बझिन्छ ।

## क्यानडेली पक्राउ : जस्तालाई तस्तै

काठमाडौं । बेइजिङले राष्टिय सुरक्षामा दखखल पुर्उयाएको भनेर दुई क्यानडेली नागरिकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा एक व्यवसायी र अर्का एक कुटनीतिज्ञ रहेका छन् ।

क्यानडेली व्यवसायी स्पाभोर चीन र उत्तरकोरियाको सीमा क्षेत्रमा व्यापार गर्दै आइरहेका छन् । उनले चीन तथा उत्तर कोरियाबीचको सम्बन्धलाई निकै नियालेर अमेरिका तथा युरोपमा सूचना पुर्याएको आरोप लगाइएको छ । उनी चीनतिरको डाङडोङ क्षेत्रमा व्यापारिक केन्द्र खोले पनि उनको उत्तरकोरियासँग राम्रो सम्बन्ध रहेको मानिन्छ । अमेरिकाको इशारामा उनले नाकाबन्दी लगाइएको बेलामा निकै सामानहरू त्यहाँ पर्याएका थिए । यसका साथै चीनले नाकाबन्दी लगाइएको उत्तर कोरियालाई सहयोग गरिरहेको छ भनेर हल्ला चलाएको कुरामा पनि चीन सरकार बढि विश्वस्त देखिएको छ । उनको डबल डिलिङलाई लिएर चीनले लामो समयदेखि निकै सतर्कताका साथ निगरानी गरिरहेको पनि बताइएको छ ।

हुन त चिनियाँ व्यवसायी मेङलाई क्यानडामा हिरासतमा लिइएपछि चीनले यस्तो खालको प्रतिक्रिया जनाएको धेरैको आशंका छ । तथापि चीनले ऐनमौकामा चीनविरुद्ध काम गर्नेहरूमाथि आवश्यक कारवाही गर्दा यो संयोग मात्र पर्न गएको चिनियाँ अकिारीहरूले बताउने गरेका छन् । खुला बजार तथा व्यवसायका हिसाबले चीनले अन्तर्राष्ट्रिय व्यापारीहरूलाई चीनभित्र खुल्ला व्यवसाय गर्न दिएको छ ।

गिरफ्तार गरिएका अर्का क्यानडेली नागरिक तथा कुटनीतिज्ञ कोभरिङ इन्टरनेशनल क्राइसिस ग्रुपसँग सम्बन्धित छन् । यसअघि संयुक्त राष्ट्र संघ तथा चीनको हङकङमा कार्य सम्पादन गरिसकेका कोभरिङको गिरफ्तारीलाई लिएर पश्चिमा जगतमा निकै ठूलो विरोध भएको छ । मेङको विरोधमा चीनले मानव अधिकारको हनन्का कुरा उठाए झैं पश्चिमाहरूले कोभरिंको गिरफ्तारीलाई लिएर मानवअधिकार हनन्का कुरा उठाएका छन् ।

मेंको गिरफ्तारी अमेरिकाको अनुरोध र दबाबमा भएको क्यानडेली प्रधमानमन्त्री जष्टिनले स्पष्टीकरण दिंदा बोले पनि चीनले भने यी दुई क्यानडेली नागरिकको गिरफ्तारीमा कसैको पनि दबाब वा अनुरोधको रेफरेन्स भने दिएको छैन । विश्व व्यापार युद्धको रूपमा अभिव्यक्त पछिल्लो स्थितिमा अन्तर्राष्ट्रिय व्यापार बजारमा तनाव उत्पन्न भइरहेको बेलामा क्यानडामा भएको चिनियाँ नागरिकको गिरफ्तारी र चीनमा भएको क्यानडेली नागरिकहरूको गिरफ्तारीले अब विश्व व्यापारमा जोडिएका अग्रणी देशहरूलाई आआफ्नो सुरक्षित मार्केटतिर फर्काउने बतावरण सिर्जना गर्न थालिसकेको छ ।

अमेरिकाले संरक्षणवादी अर्थनीति लिएको अवस्थामा बढ्दो चिनियाँ विश्व बजारलाई धक्का पुर्याउने देखिएको छ । आफूले क्यानडालाई क्षति पुर्याउने खालको कुनै पनि काम नगरेको भनी मेङले स्पष्टीकरण दिएकी थिइन् । चीनले मेङको गिरफ्तारी र ७५ लाख डलर धरौटीको खुलेर विरोध गरेको थियो ।

तर चीनमा गिरफ्तार भएका दुई क्यानडेली नागरिकहरूले के स्पष्टीकरण दिएका छन् त्यो भने अझैसम्म थाह हुन सकेको छैन ।

## 'संसद भंग' अवैधानिक, राजापक्षेको राजीनामा

काठमाडौं । श्रीलंकाली सर्वोच्च अदालतले राष्टपति सिरिसेनाको संसद भंग गर्ने निर्णय अवैधानिक भएको फैसला गरेपछि उत्पन्न नयाँ परिस्थिति अनुसार राजापक्षेले प्रधानमन्त्रीको ओहदाबाट राजीनामा दिएका छन् । उनको राजीनामापछि रानिल विक्रमेसिंघे नै प्रधानमन्त्री नियुक्त हुन्छन् वा अर्को चयन गरिन्छ त्यो भने टुंगो लगाउन बाँकी छ । यो फैसलापछि मथ्रीपाला सिरिसेना वैधानिक र कानुनी मामलामा पछाडी परेका छन् । उनले चालेको कदम कमजोर अवस्थामा पुगेपछि उनीमाथि पनि थुप्रै प्रश्नहरू उठिरहेका छन् ।

गत अक्टोबरमा प्रधानमन्त्री रानिल विक्रमसिंघेलाई बर्खास्त गरी उनका प्रतिद्वन्द्वी महिन्दा राजापाक्षेलाई प्रधानमन्त्रीका रूपमा नियुक्त गरेका थिए । त्यस लगत्तै मैथ्रिपालाला सिरिसेनाले संसद बिघन गरेका थिए । मैथ्रिपालाको प्रधानमन्त्री वर्खातको कदमको निकै विरोध भएको थियो । यसमाथि संसद नै बिघटन गरेपछि त उनको विरोध सडकमा नै पोखिएको थियो ।

यी कदमहरूका विरुद्ध एकएक गरी अदालतमा रिटहरू परिरहेका थिए । लंकाली सर्वोच्च अदालतले पहिले संसद पुनर्स्थापनाको मुद्दालाई व्युँझाइदिएको थियो । संसद पुनर्स्थापनापछि नव नियुक्त प्रधानमन्त्री राजापक्षेले विवासको मतको सामना गर्नु परेको थियो । यो सामनामा राजापाक्षेले बहुमत सिद्ध गर्न सकेका थिएनन् । राष्टपतिको हात मिसिएपछि वर्तमान श्रीलंकाली संसद प्रधानमन्त्री बिहीन रहेको छ ।

वैधानिक हिसावले सिरिसेनाले नियुक्त गरेका राजापाक्षेले संसदमा विश्वासको मत प्राप्त गर्न नसकेपछि सिरिसेनामाथि विक्रमेसिंघेलाई नै नियुक्त गर्न र विश्वासको मत लिन लगाउन दबाब बढिरहेको छ । तर सिरिसेनाले भने विक्रमासिंघे निकै नै भ्रष्टाचारी भएकाले उनलाई प्रधानमन्त्री नियुक्त थर्न नसकिने बताउँदे आएका छन् । यसले गर्दा श्रीलंकाली राजनीति निकै गहिरो संकटमा फस्दे गइरहेको छ ।

## संकटमा टेरेजा मे : आफ्नो एजेण्डा आफ्नै खुट्टामा बञ्चरो

संकटमा टेरेजा मे : आफ्नो एजेण्डा आफ्नै खुट्टामा बञ्चरो

काठमाडौं । ईयुबाट बहिर्गनको एजेण्डा उठाएर चर्चामा आएकी बेलायती प्रधानमन्त्री टेरेजा मे यही एजेण्डाका कारण अहिले विवादमा तानिएकी छिन् । ब्रेकजिटको प्रक्रिया लम्बिदै जाँदा राष्ट्रिय एजेण्डाका रूपमा रहेको ब्रेकजिट अब क्रमशः राजनीतिकरण हुँदै गएको छ । यही एजेण्डाका कारणले बेलायती संसदमा कञ्जरभेटिवको मत एकातिर र लेबोर पार्टीको मत अर्कातिर हुँदै गएको छ । बेलायती संसद अहिले विभाजित अवस्थामा पुगेको छ ।

नियमित सूचीअनुसार ब्रेकजिटको एजेण्डा मेले संसदमा पेश नगरेपछि उनको कन्जरभेटिभ पार्टीका ४८ जना सांसदहरूले उनलाई कडा चुनौतिसहित पत्र लेखेका थिए । यो जटिल परि स्थितिको सामना गर्न मेले संसदमा विश्वासको मत लिनुपर्ने अवस्था सम्मको सिर्जना हुन गयो । र, मेले विना सेड्युल एक्कासी बुधवारका दिन संसदमा अविश्वास प्रस्तावको सामना गरिन् ।

तर रिसाएका आफ्नै ४८ जना सांसदहरूको चुनौतीका बाबजुद उनले संसदमा ६३ प्रतिशत मत संरक्षण गर्न सफल भइन् । संसदमा मेले २०० जनाको मत पाइन् भने उनको विपक्षमा ११७ मत परेको थियो । अब उनको पालामा ब्रेककजिट सफल हुन्छ वा हुँदैन, तर उनले आउँदो एक वर्षसम्मका लागि यस्तो खाले अविश्वासको मुकाबिला भने बेहोर्नु पर्ने छैन ।

बेलायती राजनीतिक विश्लेषकहरूका अनुसार मेले पूर्व कार्यतालिकाअनुसार मंगलवार ब्रेकजिटको प्रस्ताव यही संकटका कारणले संसदमा नलगेकी बताएका छन् । ब्रेकजिट पूर्व नै मेले आफ्नै संसदहरूको अविश्वासका कारणले गर्दा अविश्वास प्रस्ताव बेहोर्नु परेको अवस्थामा अबका दिनमा यो ब्रेकजिटको मुद्दाले सहजै निकास पाउनसक्ने देखिदैन ।

# अमेरिकी हिंसामा नश्लवाद

काठमाडौं । अमेरिकामा पछिल्लो पटक हुने गरेका र हुँदै आएका हिंसाको प्रवृत्ति बढी नश्लवादी रहँदै आएको अनुसन्धानले देखाएको छ । हिंसामा बढी काला जातिका मानिसहरू तथा आप्रवासी रहँदै आएको तथ्य पनि खुलेको छ । यद्यपि ट्रम्प प्रशासनले यसको दोष आप्रवासीहरूमाथि नै लगाउने गरिरहेको छ । मनोवैज्ञानिक दृष्टिकोणबाट हेर्ने हो भने अमेरिकी प्रशासन आप्रवासी र कालाहरूमाथि हुने हिंसाका घटना स्वाभाविक भएको तर गोराहरूलाई केही पनि हुन नहुने जस्तो रहेको देखिन आएको छ ।

साम्प्रदायिक र नश्लीय रूपमा अभिभव्यक्त यी हिंसात्मक घटनाहरू बढी बन्दुकका कारणले भएका पनि अनुसन्धानमा खुल्न आएको छ । घटनामा मृत्युको हुनेहरूको संख्याको रेकर्डमा यस्तो प्रवृत्ति देखा परेको छ । संयुक्तराज्य अमेरिकामा अघिल्लो वर्षको तथ्यांकअनुसार करीब ४० हजार मानिसहरू बन्दुकद्धारा मारिएका छन् । 'सेन्टर फर डिजिज कन्ट्रोल एण्ड प्रिभेन्सन'को तथ्यांक अनुसार बन्दुकले हुने मृत्युमा यो केही दशक यताकै सबैभन्दा ठूलो र खतरनाक मृत्यु हो ।

यस्तो खालको विषयमा गहिरो अनुसन्धान 'एडुकेसनल फण्ड टु स्टप गन भ्वाइलेन्स' ले पनि गरेको थियो । यी अनुसन्धान अनुसार सन् २०१७ मा ३९,७७३ मानिस बन्दुकबाट मारिएका थिए यो संख्या भनेको सन् १९९९ को भन्दा १० हजार बढी हो । त्यो वर्ष २८, ८७४ मानिस बन्दुकबाट मारिएका तथ्यांकले जनाएको छ । बन्दुकबाट हुने यो मृत्युदर सन् १९९९ मा मात्र प्रति १ लाखमा १०.३ प्रतिशत रहेको थियो भने सन् १९१७ मा थप बढ्न गई १२ प्रतिशतसम्म हुन पुगेको छ । मृत्युको यो आँकडामा आत्महत्या गर्नेहरूको पनि संख्या समावेश गरिएको छ । आत्महत्या पनि आफूले आफैलाई गोली हानेर गरिएकोमा गोरा मानिसहरूको र त्यसमा पनि गोरा पुरुषहरूको संख्या बढी रहने गरेको छ ।

# जेलभित्रै निरन्तर हडताल गर्थे नक्सल विद्रोहीहरू


● मेरी टाइलर

सुपरिन्टेन्डेन्ट हामीकहाँ आयो । उसँग एकजना स्थानीय अधिकारी पनि थिए । मैले उनलाई जमदेशपुर सरूवा गरिदिन भने किनकि म आफैंले मेरो मुद्दाको सिलसिला के भइरहेको छ हेर्न चाहन्थे । तर उनले निकै उग्र प्रतिक्रिया व्यक्त गरे- “मसँग ढङ्ग पुऱ्याएर कुरा गर्ने गर, नत्र दाँतसाँत झारिदिउँला ।” फेरि उनले भने- “किन तिमी सबै नक्सलवादीहरू जेलमा सडेर मर्दैनौ हँ ? म तिमीहरूलाई देखेर अघाएको छु ।” मैले सम्झिए कि पुरूष वार्डमा आज केही न केही त अवश्य भएको छ, त्यसैले त यतिविधि बहुलाएका छन् । केही दिनपछि मलाई जानकारी पनि भयो कि साँच्चै के भएको थियो भनेर । सन् १९७१ सालको गोलीकाण्डको जाँच सुरू भए भएको थियो । जाँच गरिरहेका न्यायाधीशले नक्सलवादीहरूको वार्डको निरीक्षण गरेका थिए । नक्सलवादीहरूले जोडजोडले नारा लगाइरहेका थिए, “रगतको बदला रगतले लिन्छौं ।” यस घटनाले उनलाई रिस उठाएर पागल बनाएको थियो ।

गोलीकाण्ड घटना पूरा एक वर्ष पार गर्ने बित्तिकै माथिबाट फेरि आदेश आयो, हाम्रा वार्डका वरपर रहेका सारा रूख र झाडीहरू काट्न भनेर । चमेलीको रूखमा एकदुईवटा फूल फूल्न सुरू भएको थियो । अम्बामा एकदुईटा कोपिला लाग्न सुरू भएको थियो । काटिएको निमको रूखबाट हाँगाहरू निस्कँदै थिए । त्यसको छेउँमा छायाँमा आएर हामीहरू बस्दथ्यौं । यी सबै फेरि एकपटक हामीहरूबाट खोसिए । २५ जुलाइमा नक्सलवादी कैदीहरूले घण्टौं नारा लगाए । त्यस दिन दक्षिणतिरबाट हावा चलिरहेकाले नाराको ध्वनी हामीहरूको कानसम्म आइरहेको थियो । उनीहरूले आफूमाथि आइपरेको चुनौतीको भरसक पूराका पूरा सामना गरिरहेका थिए । त्यसै बखत भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) को प्रथम महासचिव चारू मजुमदारको पुलिस हिरासतमा मृत्यु भएको खबर पत्र पत्रिकाहरूमा आइरहेको थियो ।

चारू मजुमदारलाई केही दिन पहिले गिरफ्तार गरिएको थियो । उनले सन् १९६९ मा पार्टी स्थापना गरेका थिए । नक्सलवादी आन्दोलनलाई मुख्य नेतृत्व प्रदान गरिरहेका थिए । चारूमजुमदारलाई पुलिसले हत्या गरेको भन्ने आम जनताको धारणा थियो । मलाई अचम्मै लाग्दथ्यो कि जेलभित्र आउने पत्रिका सेन्सर गर्नेवालाहरूले कहिलेकहीँ नक्सलवादीका खबर हरूलाई काटेर सेन्सर गर्दैनथे । उनीहरूले यस्ता खबरले जेलमा रहेका हामीहरूको मनोबल गिराउन मद्दत पुऱ्याउने छन् भनेर सोच्ने गर्दथे । तर पनि उनीहरूको यो तरिकाको मभित्र उल्टो असर पर्दथ्यो । म आफैं नै कालो मसीले पोतिएको समाचार सबैभन्दा राम्रो समाचार भएको ठान्दथैं । मैले मेरो पत्रिकामा जति बढी कालो मसीले पुछिएको हुन्थ्यो, उति नै बढी म खुसी हुन्थे ।

सेप्टेम्बर महिनाको सुरूका दिनहरूमा म यति धेरै बिरामी भएँ कि ओछ्यानबाट उठ्न समेत सकेन । यस्तो कमजोरी मैले पहिले कहिल्यै पनि अनुभूत गरेकी थिएन । मेरो शरीरको तौल २८ पौण्ड कम भएको थियो र मेरो वार्डको इन्चार्ज डक्टरलाई समेत यो कुरा थाह भएको थिएन कि मलाई कुन खालको रोग लागेको थियो । हरेक दिन प्रत्येक मान्छे आएर मलाई खाना खान भन्दथे । तर खाना देख्ने बित्तिकै मलाई खानै मन लाग्दैनथ्यो । म एक हप्तासम्म ओछ्यानमा पल्टिइरहैं । मेरो शरीर ज्वरोले पोलिरह्यो । त्यसपछि जेलको अर्को डक्टरलाई बोलाइयो र उसले आउनेबित्तिकै भन्यो कि मलाई हेपाटाइटिस भएको थियो । केही दिनका लागि मैले भीआईपीको सुविधा पाएँ । अधिकारीहरू यो कुराबाट भयभित थिए कि यदि मलाई केही कसो भएमा




यसको सम्पूर्ण जिम्मेवारी उनीहरूको टाउकामाथि थोपरिन्थ्यो । मलाई अरूभन्दा अलि बढी नै सबैले चिन्नेमा पर्दथे । मेरो बारेमा बाहिर पनि केही सोधपुछ हुन्थ्यो । त्यसैले म तलमाथि परेमा अरू बन्दी जस्तो गरेर सजिलै लुकाउन सकिँदैनथ्यो । लगभग एक महिनासम्म मलाई आरामदायक ओछ्यान दिइयो । मच्छडदानी भित्र सुताइयो र अत्यन्त पौष्टिक आहार दिइयो, तर म यति धेरै विरामी थिए कि त्यो खाने कुरा खानै सक्तैनथे ।

मसँग बस्ने कैदी साथीहरूले मेरो स्याहारसुसारको लागि गर्नुपर्ने काम केही बाँकी राखेनन् । उनीहरूले जेजे गर्न सक्दथे, त्यही त्यही गरे, जसले गर्दा मलाई पूर्ण रूपमा स्वस्थ बनाउन सकून् । उनीहरूले कोठीको सरसफाइ गर्दथे र मेरो लागि माड पकाएर खुवाउँथे । केही काम नभए पनि मेरो शरीर कस्तो छ ? मलाई कस्तो भयो भनेर सोधपुछ गरिरहन्थे । एकदिन एउटीले भनिन्-‘तिमी तिम्रो घरबाट यति धेरै टाढा छ्यौं, त्यसैले तिमी यसरी विरामी पऱ्यौं । तर तिमीले यो कुरा ख्याल गर्नु पर्छ कि अब हामीहरू नै तिम्रो आमा, बहिनी वा पूरै परिवार हौं । हामीहरूले तिम्रो पूरै रेखदेख गर्नेछौं ।”

यसपछि मैले महसुस गरे कि मेरो सङ्गी साथीहरूसँगको सम्बन्धमा गुणात्मक परिवर्तन आएको छ । सेप्टेम्बर महिनाको अन्तिम दिनहरूमा जब म ओछ्यान परेको हुन्थे, त्यसबेला चूपचाप महिलाहरू वरपर डुलेको देखेर, खुला आकाशमा हेर्दा बादलको एउटा ढिस्कोले अर्को ढिस्कोलाई धेकेलेको देख्दा, पिपलको रूखमा आफ्नो गुँडमा चराहरू फर्किएको देख्दा र बच्चाबच्चीहरू निमको रूखमुनि खोलिरहेको देख्दा मैले ठूलो शान्ति महसुस गर्दथे । तर यो सिलसिला धेरै दिनसम्म चल्न सकेन । यहाँसम्म कि जब म बिरामी थिएँ, त्यस समयमा पनि अचानक खानतलासी गरिएको थियो, मेरो कोठीमा । जसले गर्दा कम्मल, गद्दा र सिरानी वरपर छरपस्ट पारिदिए । कोठामा पत्रपत्रिकाका पानाहरू छरिएका थिए । मैले थाह नै पाएन कि के कारणले तिनीहरू यस्तो विरामीको बेलामा पनि खानतलासी लिन आए । जब कि म जाँदै विरामीको कारणले आफै अडिएर उभिनसम्म सक्तैनथे ।

म त्यसबेला पनि निकै कमजोर थिए, जुनबेला हाम्रो साथमा तीनजना स्कुले शिक्षिका राखिएको थियो ती शिक्षिकाहरूसहित हजारौं अरूहरूलाई भारतीय दण्डसंहिताको धारा १४४ अन्तर्गत हडताल गर्दैगर्दा गिरफ्तार गरिएको थियो । यस प्रावधानअनुसार एउटा ठाउँमा पाँचभन्दा बढी व्यक्तिहरू जम्मा हुने र सभा जुलुस गर्ने काममा रोक लगाइएको थियो । यी अध्यापक मण्डलले यो माग गरिरहेका थिए कि सरकारले प्राइभेट स्कुलहरूलाई आफ्नो नियन्त्रणमा लेओस् ताकि पेन्सन, आवास तथा तलब पाइने कुराको ग्यारेन्टी होओस् । उनीहरूले भन्दथे कि कहिलेकहीँ त उनीहरूलाई महिनौ तलब मिल्दैनथ्यो । कैदीहरूको सङ्ख्याको चापले गर्दा सरकारले हजारीबागदेखि लगभग २० माइलको दुरीमा पर्ने चाँदबाडामा रहेको एक पुरानो क्याम्प जेलको रूपमा फेरि खोलि दिएको थियो । मेरो जहाँसम्म सम्झना छ, त्यो जेलको प्रयोग सबैभन्दा पहिले अङ्ग्रेजहरूले गरेका थिए होलान् । पछिल्ला वर्षहरूमा चाँदबाडा तथा अन्य क्याम्प जेलहरूको बढी भन्दा बढी प्रयोग गर्नुपरेको थियो । मैले जेलमा हडतालपिच्छे जेल आउनेहरू धेरैलाई देखे । जसमा शिक्षिकाहरूको समूह पहिलो थियो । तथापि, उनीहरूको मनोबल अपेक्षाकृत सजिलैसँग गिराउन सरकार सफल भयो । विना सर्त आफ्नो काममा फर्कने सम्झौतामा हस्ताक्षर गरेर उनीहरू फर्किए । तर, पछि हडताललाई त्यति सजिलैसँग सरकारले दबाउन सकेन ।

जेलमा उनीहरूलाई उच्च श्रेणीको व्यवहार गरियो । खानका लागि राम्रो रासन खर्च दिइयो । उनीहरूलाई कपडा पनि दिइयो । उनीहरूले ती कपडा जेलबाट जाने बेलामा आफ्नै साथमा लिएर गए । मलाई यो कुरामा चित्त बुझेन कि त्यहाँ बसेका केही महिलाहरू झुत्रेझुम्रे कपडामा डुलिरहेका थिए । स्कुलमा शिक्षिकाहरू त्यहाँबाट गएपछि मेरो र सहायक जेलरको बीचमा कडा बहस चल्यो । कोही महिलाहरूसँग आफ्नो दुब्लो पातलो काँध ढाक्ने कपडाको टालोसम्म थिएन । जाडो सुरू हुने बित्तिकै उनीहरूलाई थुप्रै कठिनाइहरू आइपरेका थिए । यसपछि एक निरीक्षणपछि त्यससँग सम्बद्ध अधिकारीले जससँग कपडा छैन, उनीहरूलाई एउटा साडी र ब्लाउज दिने आदेश थियो । यो भन्दा बढी केही दिइएन । मैले देखेकी थिए कि ती स्कुल शिक्षिकाहरूसँग थुप्रै कपडा हुँदाहुँदै पनि र केही दिनका लागि मात्र आए पनि उनीहरूलाई थुप्रै कपडाहरू दिइएको थियो । अधिकारीहरूले जवाफ दिए, मैले जो साथीहरूको बारेमा उदाहरण पेस गरेर कुरा उठाएकी थिए, ती जेल आउनुभन्दा पहिले नै गरीब थिए । जेल बाहिर पनि च्यातिएका कपडाहरू लगाएर हिँड्थे । यो पनि भनियो कि जेलभित्र आएर उनीहरूको जीवन समृद्ध गर्न सकिदैन । जेलको न्यूनतम सुविधाको औचित्य प्रमाणित गर्न यो व्यक्तिले जेलबाहिर ठिहिराउने जाडोमा नाङ्गै जीवन बिताउने यी कैदीहरूले जेलभित्र पर्याप्त कपडा पाएका छन् भन्ने नजीर पेस गरिरहेको थियो । त्यस अवधिको चुनावमा काङ्ग्रेस सरकारले विजय हासिल गऱ्यो । त्यसका लागि उसले ‘गरिबी हटाऔं’ को नारा निकै जोडसँग उठाएको थियो ।

## कविता

### चम्किलो घर



● कृष्णभक्त महर्जन ‘कगेन्द्र’

चम्किलो घरको चार दिवारभित्र
एउटै जात एउटै परिवारहरूमा
कुनै देह-सन्देहको भावाना नलिई
आ-आफ्नो काममा जुटेका छन्
कामममा जुटेको एक आंगा
भरखर तोते बोलीको बेला
कुम्लोमा नाम्लो
टुकटुक सकिनसकी
मल बोकी श्रम गरेको
निःसन्देह नमानी
खुसी साथ श्रम गरेको छ
चम्किलो घरको............
आंगालाई स्कुल सफा
भनेको के थाह
श्रममा मल बोक्नमा
सुत्नमा त्यही लुगा
निसन्देह गरिरन्हछ
लगाइ रहन्छ, खाइरहन्छ
चम्किलो घरको............
आमा, वुबालाई
के को स्वाद त्यही श्रम
सँगै श्रम गर्ने दिदीलाई
के को अमाद त्यही श्रम
नत रमाइलो थाहा छ
न त शहर थाहा छ
सबै चिज राक्षसको फलामे जङ्गी
पर्खालभित्र श्रमै श्रम छ
चम्किलो घरको ... ...
आफ्नो संसार बनाई
स्वर्गमा पुग्नलाई
राक्षसको जङ्गी पर्खाल
काँढेतार तोडन खोज्छ
मान्छेले मान्छेलाई नै नमान्ने गरी
आफ्नो पङ्क्तिमा पर्खाल
काँढेतार खदा गर्छ
चम्किलो घरको ... ...
अगम भीरमा ज्यानको बाजी राखेर
शहस्त्र बाटाहरूको डोबमा टेक्नेले
दुनियाँमा कयौं चीज बनिबनाऊको
घ्रुसानलाई एक दिन
डसेर छिटै भष्म पार्ने छ’
चम्किलो घरको............
दोपाय जीवको भेषमा
श्रममा सुकेनासको
सेवा रोग भित्र्याई
आर्दशलाई अचार बनाई
सुकेनासको बुई चढी
फौजीतन्त्रको जन्म दिई
श्रमको सपनालाई दमन गर्न
लाहा सुली चार्नेछ
चम्किलो घरको............
चोकमा श्रमको सभामा
भाषणको दमन छ
नत शैली, नत आक्रर्षण, नत तयारी छ
कुर्सीमा बसेपछि
नीला आकास मुनि वरवराहट
श्रम सभमको मलामी जुलुशलाई
नियालिरहेछ
चम्किलो घरको............

# उत्तर आधुनिकतावादको सौन्दर्य दर्शन

उत्तर आधुनिक/उत्तर संरचनावादी दृष्टिमा अर्थको सौन्दर्य भन्नु शब्दको सामाजिक दायित्वबाट उद्भूत यथार्थलाई व्यक्त गर्ने निश्चित अर्थको सौन्दर्य होइन, बरु सामाजिक दायित्वबाट मुक्त अर्थको अनिश्चितता र समाधानातीत विरोधाभासको आनन्द हो जो बार्थका शब्दमा रत्यात्मक आनन्दका समकक्षी हुन्छ- माथिको छलफलबाट यस्तो निष्कर्ष निकाल्न सकिन्छ ।

सामाजिक दायित्वबाट मुक्त केवल रत्यात्मक खेलका स्तरमा अर्थको विद्रूपीकरण गर्नु अथवा अर्थलाई भ्रान्तिमय अवस्थामा पुऱ्याएर आनन्द बोध गर्नु उत्तर आधुनिकतावादी सौन्दर्यशास्त्रको पहिचान हो र वैशिष्ट्य पनि हो । वास्तवमा यो एक प्रकारले सत्यविरोधी चिन्तन मात्र होइन, शिवत्व र सुन्दरता विरोधी चिन्तन पनि हो र अन्ततः यो शून्यवाद (निहिलिज्म) नै हो । नकारात्मक ध्वंश नै यसका लागि सौन्दर्यको आधार हो भन्ने स्पष्ट हुन्छ ।

क्रान्ति र प्रगतिको महाख्यानामा यसले सौन्दर्य बोध गर्दैन । नायकीय उदात्तता र मूल्यगत आदर्श पनि यसका लागि सुन्दर छैन । यसले हरेक महानतालाई विदा गर्छ र सामान्यता तथा न्यूनतालाई सम्भव बनाउँदै त्यसमा आनन्द देख्छ । प्रातिनिधिकता, प्रारूपीकरण र उदात्ततामा यसका लागि सौन्दर्य छैन ।

दार्शनिक दृष्टिले विपरीतहरूको एकत्वमा यसले सौन्दर्य देख्दैन अपितु अनन्त विरोधमा मात्र सौन्दर्य देख्छ । विरोधको यस्तो अनन्तता जहाँ सामाजिक अन्तर्विरोधका केन्द्रहरू भत्किन्छन् र विरोधको मूर्तन होइन, अमूर्तन हुन पुग्छ, त्यसको भौतिकता उपेक्षित हुन्छ र केवल दार्शनिक अवधारणा मात्र बाँकी रहन्छ । अन्ततः ‘नेति नेति’को अवस्थामा पुऱ्याएर यसले रचना/पाठ/कलालाई कामुक वस्तुमा रूपान्तरित गर्दछ जसको उपयोगितात्मक मूल्य बाँकी रहँदैन, उपभोक्तावादी मूल्य मात्र बाँकी रहन्छ । अर्को शब्दमा उत्तर आधुनिक कला अन्य वस्तु (अफयमष्तथ) झैं बिक्रीको / उपभोगको वस्तु बन्न पुग्छ । त्यसको अन्तर्वस्तु होइन, बिक्री र नाफाको परिमाण त्यसको उत्कृष्टता/सफलताको आधार बन्न पुग्छ । अर्थात् कलको कमोडिफिकेसन सौन्दर्यको आधार बन्न पुग्छ । स्वभावतः त्यसका लागि लेखनमा/सिर्जनामा कामुक उत्तेजना आवश्यक पर्छ । अहिलेको उपभोक्तावादी समाजमा ‘अपोलिनियन’ सङ्गति र शौम्यता होइन, डायोनिसियन कामुकता, उत्तेजना, स्वच्छन्दता र सङ्गतिहीनता बढी काम्य र बिकाउ छ । यही अहिलेको उत्तर आधुनिक लेखनको प्रवृत्ति हो र पहिचान पनि हो ।

आधुनिकता र उत्तर आधुनिकता बिच मुख्यतः बन्द र खुला रूप विधान अथवा विधा र विधा भञ्जन, उद्देय र खेल, योजना र संयोग, श्रेणीबद्धता र अराजकता, कलात्मक आङ्गिक पूर्णता र प्रक्रिया/प्रदर्शन, उपस्थिति र अनुपस्थिति, केन्द्रण र विकेन्द्रण, गहिराइ र सतह, विधागत निर्माण र पाठ-अन्तर्पाठ रचना, मूल-कारण र भिन्नता- भेद, निश्चितता र अनिश्चितता, संश्लेषण र विश्लेषण, महाख्यान र महाख्यानहीनता, पठन र विपठन लगायतका द्विचर विरोधी युग्मकमा भिन्नता देख्न सकिन्छ । यी द्विचरमा आएका उत्तर पदहरू उत्तर आधुनिकताका अभिलक्षक सूचकहरू हुन् ।

५. उपसंहार : कला एवं कला चिन्तनको नेपाली समकालीनता र सत्यम्, शिवम् तथा सुन्दरम्

कलाले सत्य मात्र व्यक्त गर्दैन, त्यसले



● प्रा.डा.ताराकान्त पाण्डेय्

**कला सिर्जना र चिन्तनका क्षेत्रमा आजको मुख्य सङ्घर्ष कलाको बजारीकरणको प्रवृत्ति लिएर सक्रिय रहेको जीवन र कलाकै विरोधी यही उत्तर आधुनिकतावादी चिन्तन र संस्कृतिका विरूद्ध जारी छ र सँगसँगै मार्क्सवादका आवरणमा मार्क्सवादी शिविरभित्रै पसेर मार्क्सवादलाई ध्वस्त पार्ने प्रयत्न जसरी भइ रहेको छ र त्यसका अगाडि समर्पणको जुन प्रवृत्ति देखा पर्दै छ, त्यसका विरूद्ध पनि सङ्घर्ष आवश्यक छ । सत्य, शिव र सुन्दरको स्थापना र रक्षाका लागि असत्य, अशिव र कुरूपका विरूद्ध यो दोहोरो सङ्घर्ष गर्नै पर्ने छ ।**


सुन्दरम्का तत्वको साहचर्यमा शिवम् (अर्थात् शुभम्, कल्याण, लोकहित, परिवर्तनको आदर्श को कार्य पनि गर्दछ । कलाको प्रयोजन केवल आनन्द (अझ स्वान्तः सुखाय) मात्र हुँदैन । मार्क्सका भनाइलाई सम्झिँदा संसारको संज्ञान मात्र होइन, त्यसलाई बदल्नका लागि सहयोगी हुनु पनि कलाको प्रयोजन हो । यसरी हेर्दा कलाले सुन्दर कुरूप यथार्थको बोध मात्र गराएर शान्त हुनु हुँदैन, त्यसले कुरूपतालाई बदल्नका लागि सुन्दरका साहचर्यमा वैचारिक ऊर्जा पनि सम्प्रेषण गर्नु पर्दछ । यसो गर्दा त्यस्तो कलामा इतिहासका महत्तम प्रगति र प्राप्तिप्रति गौरव बोध र वर्तमानका अन्तर्विरोधको भेदन अनि द्वन्द्वजन्य यथार्थको पुनः सिर्जनसँगै परिघटना र पात्रको उदात्तीकरण आवश्यक पर्छ । त्यस्तो कलामा द्वन्द्व र विरोधको केन्द्रण हुन्छ र सङ्गति हुन्छ । त्यसले समाजको निश्चित वर्गीय संरचनालाई उद्घाटित गर्दछ र त्यसमा चल्ने /चलि रहेका द्वन्द्वहरूको अमूर्त होइन, मूर्त र प्रातिनिधिक अभिव्यक्ति गर्दछ । आजको कलाले यो दायित्व निर्वाह गरेर मात्र साँचो अर्थमा सुन्दर र सार्थक हुन सक्दछ ।

उत्तर आधुनिक कला यसका प्रतिध्रुवमा उभिएको छ । इतिहासका महानता र भव्यताको विदाइ गर्दै अनन्त विरोधका नाममा यसले सामाजिक आर्थिक अन्तर्विरोध र उत्पीडन तथा वर्ग द्वन्द्वको मूल पक्षलाई अमूर्त बनाएर अथवा त्यसका समानान्तरमा खण्डित स्थानिक द्वन्द्वलाई महइभ्व दिएर द्वन्द्वको मूल पक्षलाई स्थानापन्न गर्छन् । उत्तर आधुनिकतावादी र उत्तर मार्क्सवादी दुवैले पहिचान र स्थानीयताको मुद्दालाई महत्व दिएर उत्पादन सम्बन्धमा चलि रहेको मूल द्वन्द्वलाई या त पुरै उपेक्षा गर्छन् या त त्यसको विद्रूपीकरण गर्छन् । समकालीन नेपाली ज्ञछ

आख्यानको कुरा गर्दा आकाश गङ्गाको तीरैतीर, दुर्भिक्ष, सुकरातका पाइला, घनचक्कर, पल्पसा क्याफे, छापामारको छोरो आदि त्यस्तै प्रकृतिका आख्यानहरू हुन् । प्रतिनिधित्व र पहिचानको सन्दर्भ प्रस्तुत गरेर यिनले यथार्थको निकै रोमाञ्चक प्रस्तुति गरेको दावी त गर्छन् तर बौद्रिलार्दले भने झैं ती कपी विदाउट ओरिजनल हुन् । तिनले गतिशील यथार्थको मूल पक्षलाई उपेक्षा या विद्रूपीकरण गरेका छन् । अनि त्यसमा पनि जे प्रस्तुत गरिएको छ, त्यसलाई बजारमा अधिकतम बिक्रीयोग्य माल बनाएर प्रस्तुत गरिएको छ । कला रचना र कला चिन्तनका क्षेत्रमा आजको मूल सङ्घर्ष यसै धार र प्रवृत्तिसँग छ । नेपाली कला साहित्य र सिङ्गो सांस्कृतिक आन्दोलनभित्र एकातिर सामाजिक दायित्व बोधी सिर्जना र चिन्तनको धार (मार्क्सवादी/यथार्थवादी धार) क्रियाशील छ भने त्यसका समानान्तरमा कलाको बजारीकरण गर्दै यथार्थको विद्रूपीकरण गर्ने र सामाजिक द्वन्द्व तथा अन्तर्विरोधको मूल पक्षलाई ओझेलमा पार्ने उत्तर आधुनिक/उत्तर मार्क्सवादी धार पनि क्रियाशील छ र त्यसलाई बिग हाउसहरूले कमोडिटीको राम्रै वस्तु बनाएर पस्किने कम समेत गरि रहेका छन् । कला सिर्जना र चिन्तनका क्षेत्रमा आजको मुख्य सङ्घर्ष कलाको बजारीकरणको प्रवृत्ति लिएर सक्रिय रहेको जीवन र कलाकै विरोधी यही उत्तर आधुनिकतावादी चिन्तन र संस्कृतिका विरुद्ध जारी छ र सँगसँगै मार्क्सवादका आवरणमा मार्क्सवादी शिविरभित्रै पसेर मार्क्सवादलाई ध्वस्त पार्ने प्रयत्न जसरी भइ रहेको छ र त्यसका अगाडि समर्पणको जुन प्रवृत्ति देखा पर्दै छ, त्यसका विरुद्ध पनि सङ्घर्ष आवश्यक छ । सत्य, शिव र सुन्दरको स्थापना र रक्षाका लागि असत्य, अशिव र कुरूपका विरुद्ध यो दोहोरो सङ्घर्ष गर्नै पर्ने छ । सिर्जना र चिन्तनका क्षेत्रमा यस प्रकारको सङ्घर्षद्वारा समग्र सांस्कृतिक आन्दोलनलाई अगाडि बढाउनु आजको आवश्यकता र दायित्व दुवै हो ।

## आलोपालो

# जनयुद्धभित्र जनविद्रोहका अंशहरू


● कुमार शाह

कालीकोट सुदुर पश्चिममा युद्धको केन्द्र थियो । एक सशक्त फौजी किल्ला निर्माणका लागि टनेल बङ्कर खन्न थालियो । यो प्रक्रियालाई नमूनाको रूप दिएर फुन्टीवाङ बैठकबाट देशव्यापी रूपमा अघि बढायो । पश्चिमा भने यो प्रक्रिया कालीकोटबाट अछाममा सर्दै बिस्तार भइरहेको थियो । यसको मुख्य उद्देश्य भनेको गाउँमा सेना आउन नदिने र आएपछि जनतासँगै एक भएर लड्ने थियो । त्यस खालको योजनामा जनता सहमत र एकढिक्का थिए ।

विद्रोह क्रमशः पश्चिमतिर फैलदै त थियो, त्यसलाई मध्यपश्चिमतिर केही केन्द्रीकृत कार्वाहीका रूपमा विस्तार गर्ने नीति बन्यो । त्यो बढी सैन्य आक्रमणमा आधारित थियो र लिस्ने भिडन्तहुँदै गाम, थवाङ, साँखसम्म फैलियो । यो अभियान मार्फत् बन्दै गरेका अस्थायी आधार इलाकाबाट दुश्मन सैन्य शक्ति लखेटिदै थियो । तर  खारामा पुग्दा अलि बढि उत्साहित हुन जानु र राज्यको सैन्य सुदृढीकरणक कारण असफलता बेहोर्नु पर्‍यो । यो एक ठूलो शिक्षा थियो ।

एकपछि अर्को फर्मेशन निर्माण गरेर अर्घाखाँचीसम्म आइपुगदा विकास निकै भएको थियो । यतिबेलासम्म ब्रिगेड निर्माण भइसकेको थियो । २०५७ मंसीर ८ गते दाङ कार्वाहीमा केवल बटालियन मात्र निर्माण भएको थियो । उता सुदूरपश्चिममा बिद्रोहात्मक लहर फैलिइरहेको थियो । जनतामा निकै उत्साह बढेको थियो । खुल्ला रूपमा दिउँसै पूरै राजमार्ग कब्जा गरेर अघिअघि जनमुक्ति सेना र पछिपछि जनताको फर्मेशन एकसाथ हिंडिरहेको थियो ।

पूर्वपश्चिम र उत्तरदक्षिण भई सञ्चालनमा आएका सैयौं किलोमिटरका ठाडा तथा तेर्सा राजमार्ग यी जनफर्मेशनहरूले कब्जा गरेका थिए । अब आम जनताका साथै तात्कालिन राज्यका आवतजावत गर्ने मार्गहरू र लाइफलाइनहरू विद्राही शक्तिको कब्जामा आएका थिए । क्षणिक र अस्थायी भएपनि कब्जाको रणनीतिक तथा सामरिक महत्व रहन गएकोमा भने कुनै पनि द्विविधा थिएन । तात्कालिन राज्यको प्रभाव तथा उपस्थितिका हिसाबले व्यारेक र सरमुकामहरूमा मात्र रहेको र अन्यत्र माओवादीको पकडमा आएको सहजै देख्न सकिन्थ्यो । राजमार्गमा मार्चपास आफैमा सशक्त उपस्थित थियो ।

यसले पहाडी तथा तराइका रणनीतिक महत्वका स्थानहरूलाई जोड्न राम्रो सघाउ पुर्‍याएको थियो । पत्रपत्रिका तथा जनताका बीचमा त पूरै भूगोल माओवादीको कब्जामा परेको प्रचारप्रसार थियो । पहाड तराइमा यसरी लाइफ लाइन कब्जामा लिएपछि तात्कालिन शाही सेनाका व्यारेकहरू जहाँ थिए, त्यहीं घेराभित्र पर्न थाले । उनीहरूको व्यारेक बाहिरको गतिविधि शुन्यजस्तै भयो । राजार्गहरूमा २/३ महिनासम्म चेकपोष्टहरू राखेर बस्न सक्ने भएपछि अस्थायी आधार इलाकाका रूपमा यसलाई विकास गर्नतर्फ माओवादी शक्ति लागिपर्‍यो र सरकारी बल प्रयेग गरी माओवादीलाई हटाउन सक्ने स्थिति भएन ।

साथसाथै, हरेक गाउँमा जनताका फर्मेशन तयार हुँदै र सामान्य रक्षाका तालिम पनि हुँदै गयो । जनताको यो फर्मेशन पनि सेक्सन, प्लाटुनहुँदै कम्पनी र बटालियनसम्म निर्माण गरिएको थियो । गाउँमा पनि जनताको पंक्ति फर्मेशनबद्ध हुन थालिसकेपछि सुदुर पश्चिममा महिनौंसम्म महोत्सवहरूको आयोजना गरिन थालिएको थियो । यो एउटा त जनताको जनयुद्धमा जनसहभागिताको सुनिश्चितता थियो भने अर्कोतिर जनसुरक्षाका लागि स्थानीय जनफर्मेशनको परिचालन र प्रशिक्षण थियो । उता जनमुक्ति सेनाको ब्रिगेड फर्मेशन गण्डकमा म्याग्दी कार्वाहीसम्म पुगेको थियो । पश्चिममा भने कर्णाली महोत्सव र सेतीमहोत्सवहरू एकपछि अर्को गरी आयोजना भइरहेका थिए ।

**रामारोशन सांस्कृतिक महोत्सव**

अछामको रामारोशनमा भएको सांस्कृतिक महोत्सव सुदुर पश्चिमको पहिलो महोत्सव थियो । यो महोत्सव जनताको आफ्नै पहलबाट सुरु गरिएको थियो । जनमुक्ति सेना तथा पार्टी पनि यसमा आमन्त्रित थिए । जनताको उत्साह र पहलकदमी यति बेजोड बनिसकेको थियो कि लगभग आत्मनिर्भर भएर कुनै पनि कार्यक्रम सम्हाल्न खोज्दै थिए ।

आयोजनास्थलमा माथिबाट हेलिकोप्टरले बमवर्षा गरिराखेको थियो । जनताको आफ्नै रक्षा फर्मेशन  प्लाटुन स्तरमा खटेको थियो । अर्कोतिर सांस्कृतिक प्लाटुनले सांस्कृति कार्यक्रम गरिराखेको थियो । जनताहरू फर्मेशनबद्ध भई देउडा गीतमा महोत्सवमा नाचिरहेका थिए । त्यो सांस्कृतिक कार्यक्रम केवल रामारोशन एक ठाउँमा मात्र केन्द्रित रहेन । यसको विस्तार हुँदै र गर्दै लगियो । फौजीकत गर्दै अघि बढाइएको सांस्कृतिक अभियान गाउँमा कुनाकुनासम्म फैलिएको थियो । जनताका सांस्कृतिक प्लाटुनहरू नाच्दैनाच्दै गाउँगाउँ र बजारसम्म पुगेका थिए ।

टोलीहरू कालीकोटबाट नाच्दै दार्चुला र त्यहाँबाट नाच्दै कैलालीसम्म पुगेका थिए । कैलालीमा यो जनलहर पुगेपछि चौधरी वस्तीहरू जुर्मुराएर उठे । चौधरी साथीहरू आफ्नै गीत र नाचको फर्मेशन बनाउँदै कार्यक्रमहरू प्रदर्शन पहाडतिर उकालो लागे । अभियानकै रूपमा नाच्दै कालीकोट पुगे । यसले जनतामा सांस्कृतिक, भावनात्मक र पहिचानको मेलजोल गरायो भने कैलालीमा लामो समय टिकेर काम गर्नसक्ने वातावरण नभएका बेला ती जुझारु जनताको रक्षा र विकास हुन पुग्यो । उनीहरू त्यहाँ प्रशिक्षित हुने मौका पाए ।

पहिलो कुरा त सैयौं वर्षदेखि जनताको अन्तरमनमा दबिएर रहेको भावना प्रस्फुटित गर्ने मौका आयो, दोस्रो कुरा त्यो पनि सामूहिक र सांस्कृतिक विद्रोहको अभिव्यक्तिको रूपमा युद्धकालमै जागृत हुन पुग्यो । यसले जनतामा एक ठूलो उभार ल्यायो र विद्रोह मार्फत् मुक्ति प्राप्त गर्ने अभिलाषाासहित माओवादीमा भर्ती हुने लहर चल्यो । सुदुर पश्चिममा हल्ला गर्दागर्दै म्याग्दीमा जनमुक्ति सेनाले ठूलो फौजी कार्वाही सम्पन्न गर्‍यो ।

म्याग्दी कारवाहीले एक ठूलो मोड ...बाँकी ७ पेजमा

काठमाडौं महानगरपालिकाको अनुरोध

- घरबाट निस्केको फोहोरलाई घरमै तह लगाऔं ।
- घरबाट निस्केने जैविक फोहोरबाट घरमा नै मल बनाऔं ।
- अजैविक फोहोरमैलालाई पुनः प्रयोग गरी आय-आर्जन गरौं ।

*साथै काठमाडौं महानगरपालिकाबाट प्रदान गर्ने सेवा सुविधाप्रति कुनै पनि गुनासो भएमा सम्पर्क नं. ४२२७२४० मा सम्पर्क गरौं ।*

काठमाडौं महानगरपालिका







Gulf®

गल्फ लुब्रिकेन्ट सधैं प्रयोग गरौं ।







**प्रकाशक** : वर्गदृष्टि प्रकाशन प्रा.लि., **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : सचिरनन्द महर्जन, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।